वर्ष : १४, अंक : २७, काठमाडौं, २०७५ कार्तिक ९ गते शुक्रबार 26 October 2018, Friday पृष्ठ : ८, मूल्य रू : १०

राष्ट्रिय एकता, राष्ट्रियता र मधेशवादप्रति समर्पित www.madheshvani.com

राष्ट्रिय साप्ताहिक

# मधेशवाणी

The Voice of Madhesh

पत्रकार सम्मेलन, सभा, गोष्ठी वा बैठक गर्नुपरेमा हामीलाई सम्झनुहोस् ।

कुनै सभा, गोष्ठी, सम्मेलन, बैठक वा पत्रकार सम्मेलन गर्नुपरेमा ६० देखि ७० जनासम्म अटाउने क्षमता भएको हल मधेश मिडिया हाउसमा सम्पर्क राख्नुहोस् ।

| शुल्क | सेवा |
|---|---|
| रू. ५०००/- (पाँच हजार मात्र) | फोन, फ्याक्स, इमेल |

मधेश मिडिया हाउस

हनुमानस्थानचोक, अनामनगर, काठमाडौं

फोन नं. : ०१-४२६६१४१, ९८०८१२५०२४

ई-मेल : madheshmediahouse @gmail.com

## मोदीलाई सियोल शान्ति पुरस्कार



काठमाडौं । यस वर्षको प्रतिष्ठित सियोल शान्ति पुरस्कार भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले पाउने भएका छन् । दक्षिण कोरियाले प्रत्येक वर्ष प्रदान गर्दै आएको उक्त शान्ति पुरस्कार यस वर्ष मोदीको आर्थिक नीतिलाई प्रशंसा गर्दै प्रदान गर्न लागिएको हो । प्रधानमन्त्री मोदीले आफ्नो आर्थिक नीति 'मोदीनोमिक्स'का माध्यमबाट भारतीय अर्थव्यवस्थामा वृद्धिका साथै विश्व शान्ति, मानव विकासमा सुधार र भारतीय लोकतन्त्रलाई मजबुत बनाउने दिशामा उनले दिएको योगदानलाई कदर गर्दै कोरियाले सियोल शान्ति पुरस्कारका लागि मोदीलाई चुनेको हो ।

कोरियाले मोदीले भ्रष्टाचार रोक्न उठाएको कदम र विश्व र क्षेत्रीय शान्तिका लागि गरेको कुटनीतिक प्रयासका बारेमा खुलेर प्रशंसा पनि गरेको छ । मोदीले पुरस्कारस्वरूप पदकका साथै दुई लाख अमेरिकी डलर पाउने छन् ।

## "सरकार गम्भीर छैन"



जनकपुरधाम । राष्ट्रिय जनता पार्टी नेपालका अध्यक्षमण्डलका नेता शरत्सिंह भण्डारीले मधेश र मधेशी जनतालाई अधिकार सम्पन्न बनाउनका लागि आफ्नो पार्टी प्रतिबद्ध रहेको बताएका छन् । राजपा नेपालले जनकपुरमा आयोजना गरेको शुभकामना आदान प्रदान कार्यक्रममा उनले भने, "मधेशको हकअधिकार प्रवर्द्धनका लागि अहिले संविधान संशोधनका लागि दबाब दिनुपर्ने आवश्यक्ता छ । " नेता भण्डारीले मधेशी जनताको चाहना बमोजिम संविधान संशोधन आवश्यक रहेको उल्लेख गर्दै यसको लागि सरकार आनाकानी गरिरहेको गुणासो गरे । प्रदेश नं २ का उद्योग, पर्यटन वन तथा वातावरणमन्त्री रामनरेश रायले मधेशको स्वाभिमान, सम्मान र अधिकारका लागि सबै एकजुट हुनुपर्ने बताए ।

# केन्द्र र प्रदेश २ बीचको टकराव

## 'नेतृत्वले सुझबुझ देखाएन भने संघीयतमा दुष्प्रभाव पर्छ'

**मधेशवाणी डेस्क**

काठमाडौं । प्रदेश २ को सरकारले प्रदेश प्रहरी ऐन ल्याएपछि नेकपाका अध्यक्ष पुष्पकलम दाहालले कात्तिक ६ गते जनकपुर पुगेर संघीय सरकारलाई ओभरटेक गर्न खोजे दुर्घटना हुने चेतावनीपूर्ण भाषा प्रयोग गरे । 'मुख्यमन्त्रीज्यू तपाई संघलाई ओभरटेक गर्न खोज्दै हुनुहुन्छ, यदि ओभरेटक गर्न थाल्नु भो भने गल्ती हुन्छ', प्रचण्डले भने ।

प्रदेश २ ले ल्याएको उक्त ऐनप्रति प्रचण्डको मात्र होइन, सत्तारूढ नेकपाकै धेरै नेताहरूको आपत्ति छ । स्वयं प्रधानमन्त्रीले पनि रूष्टता जनाएका छन् । तर यस विषयमा मुख्य प्रतिपक्ष नेपाली काँग्रेस र केन्द्रीय सत्तामा रहेको संघीय समाजवादी फोरमले मौनता साँधेको छ । काँग्रेसले अहिले यस विषयमा कुनै प्रतिक्रिया दिएको छैन भने फोरम प्रदेश २ को सरकारमा सहभागी भएका कारण उसको पनि समर्थन रहेकाले बोलिरहनु परेन ।

प्रदेश नम्बर २ ले आफ्नो छुट्टै प्रहरी कानुन संघीय कानुन आउनुअघि नै बनाएकाले केन्द्र र प्रदेशबीच नयाँ विवाद देखा परेको छ । अझ दाहालले संघीय सरकारलाई ओभरटेक नगर्न चेतावनी दिएपछि विवादले नयाँ रूप पाएको छ ।

यद्यपी प्रदेश २ को प्रदेश सभाले असोज २७ गते पास गरेको प्रहरीसम्बन्धी विधेयक अहिलेसम्म प्रमाणीकरण भएको छैन ।

संघीय मामिलामन्त्री लालबाबु पण्डितले संघीय प्रहरी ऐन नबन्दै प्रदेश प्रहरी ऐन बनाउनुको कुनै अर्थ नभएकोले कार्यान्वयन हुन नसक्ने तर्क गरेका छन् ।



सिंहदरबार



'प्रहरी ऐन देखाउनका लागि ल्याएको होइन काम गर्नकै लागि ल्याएको हो । यो प्रहरी ऐन संविधानले हामीलाई दिएको अधिकारका आधारमा बनेको हो,' *मधेशवाणी*सँगको कुराकानीमा मुख्यमन्त्री लालबाबु राउतले भने । उनले संघीय कानुन छिटो बनाएर सहयोग गर्न केन्द्र सरकारलाई अनुरोधसमेत गरे ।

शान्तिसुरक्षाको स्थिति संवेदनशील हुँदै गएको र यही विषयलाई लिएर जनताले सरकारलाई प्रश्न उठाउन थालेको भन्दै प्रदेश २ ले आफ्नो छुट्टै कानुन बनाएको हो ।

संविधानको धारा २६८ को उपधारा २ मा प्रत्येक प्रदेशमा प्रदेश प्रहरी संगठन रहने उल्लेख छ । त्यस्तै, उपधारा ३ मा भने नेपाल प्रहरी र प्रदेश प्रहरीले सम्पादन गर्ने कार्यको सञ्चालन, सुपरिवेक्षण र समन्वयसम्बन्धी व्यवस्था संघीय कानुनबमोजिम हुने भनिएको छ ।

यी दुवै उपधारालाई देखाएर केन्द्र र प्रदेशले आफ्ना आफ्ना तर्क अगाडि सारेका छन् । केन्द्रले प्रहरी र प्रदेश प्रहरीले सम्पादन गर्ने कार्यको सञ्चालन, सुपरिवेक्षण र समन्वयसम्बन्धी व्यवस्था संघीय कानुन हुनुपर्ने संविधानको व्यवस्था भएकाले पहिला संघीय कानुन आउनुपर्ने बताउँदै आएको छ ।

उता प्रदेशले भने संविधानले कानुन बनाउने अधिकार आफूलाई दिएको र संघीय कानुन बनेपछिमात्र प्रदेशिक कानुन बनाउनु नभनेको जिकिर गरेको छ ।

प्रदेश प्रहरी ऐन अहिले सिंहदरबारको केन्द्रीय सत्ताका लागि टाउको दुःखाइ भएको छ । प्रमुख सत्तारूढ दल नेकपाले यसको खुलेर विरोध गर्दै आएको छ ।

अरू प्रदेश सरकार पनि सिंहदबारको रवैयासँग सन्तुष्ट छैनन् । खासगरी प्रदेश प्रमुखहरूको पोखरा भेलापछि सिंहदरबार र प्रदेश सरकारहरूबीच एक खालको दुरी नै उत्पन्न भएको छ । प्रदेश २ बाहेकका सबै प्रदेशमा नेकपाकै मुख्यमन्त्री भएकोले दलीय लगाम र केन्द्रीय नेतृत्वको छायाले उनीहरू थिचिएका छन् ।

यद्यपी सुदूरपश्चिम प्रदेश सरकारले प्रदेश प्रहरी गठनका लागि आवश्यक कानुनी मस्यौदा तर्जुमा गर्ने कार्यलाई अगाडि बढाएको छ ।

गुनासा र असन्तुष्टी धेरै भएपनि उनीहरूले मुख खोलेका छैनन् । तर प्रदेश नम्बर २ का मुख्यमन्त्रीले सिंहदरबारमाथि निरन्तर प्रहार गरिरहेका छन् र यतिबेला केन्द्रीय सत्तासँग एक्लै भए पनि भिड्ने मुडमा छन् ।

यति बेलाको अवस्था प्रदेश २ भर्सेस नेकपा भएको छ । प्रहरी ऐन सदनमा विरोध गरिरहेको नेकपाले अन्य सार्वजनिक मञ्चहरूमा समेत प्रदेश २ को सरकार संविधानको बर्खिलाप गरेको भन्दै टिप्पणी गर्दै आइरहेको छ ।

मुख्यमन्त्री र सत्तारूढ दलका अध्यक्षबीच एउटै मंचमा चलेको जुहारीलाई हल्का रूपमा लिन नहुने राजनीतिक विश्लेषकहरूको धारणा छ । तर केन्द्रीय राजनीतिक नेतृत्वले सुझबुझ देखाउन सकेन भने परिणाम गम्भीर हुनसक्छ ।

वस्तुतः आवश्यक ऐन कानुन ल्याउन संघीय सरकारले पनि ढिलाई गरेको र प्रदेशले पनि संघीय सरकारसँग समन्वय गर्न नसक्दा अहिले टकरावको अवस्था उत्पन्न भएको हो । प्रदेशका मुख्यमन्त्रीहरूको पोखरा भेला भए देखि संघीय सरकार खिन्न बनेको छ । त्यसै कारण प्रधानमन्त्रीले अन्तर प्रदेश परिषद्को बैठक बोलाउन अरूची देखाउँदै आएका छन् ।

## 'प्रचण्डले द्वन्द्व निम्त्याए'

काठमाडौं । राजपा नेपालका उपाध्यक्ष वृषेशचन्द्र लालले नेकपाका अध्यक्ष पुष्पकमल दाहालले जनकपुरमा प्रदेश सरकारलाई 'ओभरटेक' नगर्न दिएको निर्देशनले द्वन्द्व निम्त्याउने दाबी गरेका छन् ।

काठमाडौंमा भएको साक्षात्कारमा उनले भने, 'एउटा शीर्ष नेताले जनकपुरमा गएर भन्नुको मतलब द्वन्द्व चर्कोस्, स्थिति बिग्रोस्, विश्वासको वातावरण समाप्त होस् र यो सरकार बदनाम होस् र त्यसपछि मेरो पालो आउने बाटो खुलोस् भन्ने भित्री रणनीति हुनसक्छ ।' प्रचण्डको भनाईलाई गम्भीरतापूर्वक लिएको भन्दै उनले यसबाट प्रदेश सरकार त्रसित नहुने बताए ।

संघीय सरकारले संविधानबमोजिम काम गर्छ कि गर्दैन, यदि संघीय संरचना तोड्न खोज्यो भने हामी मुकाविला गर्न तयार छौं । मधेशी जनता मुकाविला गर्न तयार छन्,' उपाध्यक्ष लालले भने । उनले मुलुकमा अराजकताको स्थिति आयो भने यसको सम्पूर्ण जिम्मेवारी संघीय सरकारको हुने समेत बताए ।

## अध्यादेशमार्फत संघीय प्रहरी ऐन ल्याउन सुझाव



काठमाडौं । गृहसचिव प्रेमकुमार राईले अहिलेको अवस्थामा संसद बैठक चालू नरहँदा अध्यादेशमार्फत संघीय प्रहरी ऐन ल्याउन सकिने सुझाव दिएका छन् । प्रदेश सरकारलाई साह्रै नै अप्ठ्यारो परेको हो भने गृहमन्त्रालयले मन्त्रिपरिषद्मा प्रस्ताव लगेर तत्कालका लागि कार्यकारी आदेश जारी गर्नसमेत सकिने उनको सुझाव छ । 'अहिले संसद नचलेको हुनाले अध्यादेशबाट संघीय प्रहरी ऐन ल्याउन सक्ने सम्भावना देखिन्छ,' सचिव राईले अनलाइनखबरसँगको अन्तर्वार्तामा भने । गृहसचिव राईले संविधान अनुसार पहिले संघीय कानून बन्नुपर्ने बताए ।

उनले नेपाल प्रहरी र प्रदेश प्रहरीले सम्पादन गर्ने कार्य पहिला परिभाषित हुनुपर्ने उल्लेख गर्दै कार्यसञ्चालन कसरी हुन्छ, सुपरीवेक्षण कसरी हुन्छ र संयोजन कसरी हुन्छ भन्ने आधार पहिला तय हुनुपर्ने बताए । अहिलेसम्म संघीय प्रहरी ऐन किन नबनेको जबाबमा उनले ऐन कानून मन्त्रालयमा पठाइएको बताए । उनका अनुसार नेपाल प्रहरी, सशस्त्र प्रहरी बल र राष्ट्रिय अनुसन्धान विभागको छुट्टै संघीय कानून बन्ने र यो बनेपछि मात्र प्रदेश प्रहरीको काम परिभाषित भएपछि प्रदेश प्रहरी ऐन बन्न सक्ने उनको भनाइ छ ।

## प्रहरी ऐन हामीले हेर्नका लागि ल्याएको हो र ? संघीय प्रहरी ऐन गठन नभएसम्म हामी त्यसै बसिरहने ?



: मो.लालबाबु राउत गद्दी

विशेष अन्तर्वार्ता पृष्ठ ३ मा

समय-सन्दर्भ

संगीता रेग्मी



## राजपाको विधानबाट उत्पन्न तरङ्ग

**राजपाभित्र हरेक स्थानमा भागवण्डा चलेको र यस्तै अवस्था रहे पार्टी नै समाप्त हुन समय लाग्दैन ।**

कुनै पनि पार्टीको विधान उसको मूल संविधान जस्तै हुन्छ । पार्टीको विधानबाटै त्यस पार्टीको चरित्र र उसको राजनीतिक उद्देश्य, विचार र सिद्धान्त परिलक्षित हुन्छ । तर पार्टीको विधान नै अस्पष्ट भयो भने कुनै पनि पार्टी गतिशील हुन सक्दैन ।

तर छ वटा मधेशी दल मिलेर बनेको राजपा नेपालमा विधानको विषयलाई लिएर उत्पन्न विवाद अहिले छताछुल्ल भएको छ । पार्टीले निर्वाचन आयोगमा बुझाएको विधान र कार्यकर्तालाई बाँडेको विधान फरक भएपछि विवाद सतहमा आएको हो ।

उक्त विवादले पार्टीभित्र टकरावको अवस्था आएको छ । कार्यकर्तालाई अध्यक्षमण्डलले भ्रममा पार्न खोजेको पार्टीकै केही नेताहरूको आरोपसमेत छ ।

विधानमा अध्यक्षमण्डलका सदस्यहरूले महाधिवेशनपछि पनि अध्यक्षमण्डल रहने निर्णय गर्दै निर्वाचन आयोगलाई विधान बुझाएको छ । २०७४ बैशाखमा पार्टी एकता हुँदा एक वर्षभित्र महाधिवेशन गर्ने उसको निर्णय थियो ।

अध्यक्षमण्डलले निर्वाचन आयोग पुगेर आफूहरूले तयार पारेको विधानलाई निर्वाचन आयोगमा त बुझाए तर उक्त विधान पार्टीको विधान मस्यौदा समितिको भन्दा धेरै फरक रहेको छ ।

किनभने महाधिवेशनपछि अध्यक्षमण्डल नरहने भन्ने व्यवस्था गरेर पार्टीलाई बुझाइए पनि अध्यक्षमण्डलले निर्वाचन आयोगमा बुझाएको विधानमा महाधिवेशनपछि पनि अध्यक्ष मण्डल रहने भन्ने उल्लेख छ ।

पार्टीमा सबै अधिकार आफूमा राखेर अध्यक्ष मण्डलका नेताहरूले निर्णय प्रक्रियामा अन्यलाई प्रवेश निषेध गरेको छ ।

अध्यक्षमण्डलले निर्वाचन आयोग र कार्यकर्तालाई बाँडेको विधान छुट्टा-छुट्टै रहेको पाइएको छ । निर्वाचन आयोगलाई बुझाएको विधानको धारा १२ मा महाधिवेशनपछि पनि अध्यक्षमण्डल रहने व्यवस्था छ तर यो विषयलाई भने कार्यकर्तालाई बाँडिएको विधानमा लुकाइएको छ ।

पार्टीले निर्वाचन आयोगलाई बुझाएको विधानको धारा १८ मा केन्द्रीय पदाधिकारी, राजनीतिक समिति सचिवालय, निर्वाचन समिति, अनुशासन समिति, लेखा समितिलगायतका केन्द्रीय समितिहरू अध्यक्षमण्डलले आवश्यक ठानेमा गठन हुने भनेर उल्लेख छ । उक्त धाराले राजपालाई अध्यक्षमण्डलले केन्द्रीकरण गर्न खोजेको प्रष्ट छ । यस्तै, ती समितिसहित महाधिवेशनको पनि काम कर्तव्य र अधिकार के हो भन्ने स्पष्ट छैन ।

अध्यक्षमण्डलले निर्वाचन आयोगमा बुझाएको विधानको धारा ३१ को विविध शीर्षक अन्तर्गत रहेको ७ नम्बर बुँदाले ६ वटा पार्टी रहने स्वीकार गरेको छ ।

पार्टीका दोस्रो तहका नेता तथा कार्यकर्ताहरूले अध्यक्षमण्डलका कारण निर्णय प्रक्रियामा ढिलासुस्ती हुने गरेकोले अध्यक्षमण्डल हटाइ एकजना अध्यक्षमात्र राख्न सुझाव दिएका थिए । अध्यक्षमण्डलका केही सदस्यहरूले पार्टी स्थापनादेखि अध्यक्षमण्डलको प्रयोगबाट अघि बढीरहेकोले अब बीचमा आएर हटाउन नहुने धारणा राख्दै आएका छन् ।

पार्टीभत्र आन्तरिक लोकतन्त्र हुनुपर्ने संविधानमै भनिएको अवस्थामा निर्वाचन आयोगले यस्तो विधान स्वीकृत गर्न नहुने स्वयं पार्टीका नेताहरूको भनाइ छ । पार्टी एकता भएपनि हालसम्म गठवन्धन जस्तोमात्र देखिएको नेताहरूको टिप्पणी छ । हरेक स्थानमा भागवण्डा चलेको र यस्तै अवस्था रहे पार्टी नै समाप्त हुन समय लाग्दैन ।

संविधान संशोधनका लागि लडिरहेको पार्टीले आफू भित्रको घर झगडामै व्यस्त रहँदा उसले जे का लागि आवाज उठाएको हो, त्यसमा नकारात्मक प्रभाव अवश्य पर्नेछ । ६ मधेशी दल मिलेर बनेको राजपा सिद्धान्तः एक भए पनि अहिले पनि उ भित्रको मन एक भइसकेको छैन । पार्टीलाई एक ढिक्का नबनाएसम्म यसले गति लिन सक्दैन भन्ने कुरा अध्यक्षमण्डलले नबुझेको होला भन्न सकिन्न ।





## सम्पादकीय



# मधेशी नेतृत्वको परीक्षा

मधेशका राजनीतिक नेतृत्वको भूमिका र दृष्टिकोणले मधेशको दिशा निर्देशित गर्दछ । हरेक राजनीतिक दलले चुनावताका नागरिक सामु मिठो कुरा गर्ने र निर्वाचित भइसकेपछि आफूले गरेका सबै वाचा एवम् प्रतिबद्धता बिर्सने प्रवृत्ति छ । यो अवस्था मधेशी दल र नेतामा पनि छ । घोषणा-पत्रमा विकास, समृद्धि, सुशासन, भ्रष्टाचारमा शून्य सहनशीलता, नागरिकप्रतिको जिम्मेवारी आदि जस्ता विषय प्राथमिकताका साथ उठेका थिए । तर जब राजनीतिक नेतृत्व सत्ता र शक्तिको सामीप्यमा पुग्दछन्, त्यसपछि उनीहरूमा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा राजनीतिक वा व्यक्तिगत स्वार्थले प्रश्रय पाउँछ र ती प्राथमिकता शनैः शनैः व्यवहारमा देखिँदैनन् । तीतो यथार्थलाई राजनीतिक नेतृत्वले स्वीकार गर्नै पर्दछ । राजनीतिक नेतृत्वमा देखापर्ने यस्ता स्वार्थले आम जनतासम्म पुग्ने गन्तव्यको यात्रामा अवरोध ल्याउँछ । यही क्रम बारम्बार दोहोरिरहँदा आम मानिसमा नेतृत्व वर्गप्रतिको विश्वासमा संकट उत्पन्न भई वितृष्णा एवं नैराश्यको अवस्था सिर्जना हुन्छ । यो प्रवृति मधेशी दल र तिनका नेतामा पनि पाइन्छ । अरू दलले जे जस्तो गरे पनि मधेशमा मधेशी दलप्रति मधेशी जनताको फरक धारणा छ तर पनि उनीहरू जनताको सामिप्यभन्दा सत्ता र शक्तिको सामिप्यता रूचाएका छन् । मधेशका राजनीतिक नेतृत्वले बेलैमा सजग, सचेत र गम्भीर भइ मधेशी जनताको चाहनालाई पूरा गर्नुपर्छ ।

**फोरमबाट मन्त्री बनेका अध्यक्ष उपेन्द्र यादव संविधान संशोधनभन्दा पनि विदेश भ्रमणलाई बढी प्राथमिकता दिएका छन् । उनी किन सरकारमा गए भन्ने कुरा विस्तारै खुल्दैछ ।**

मधेशको एक घटक संघीय समाजवादी फोरम संविधान संशोधनको नाममा अहिले केन्द्रीय सरकारमा सहभागी छ । प्रदेश २ मा उ राजपासँग सत्ता चलाइरहेको छ । अर्थात् फोरम केन्द्रदेखि प्रदेशसम्म सत्तामा छ र उसको दोहोरो जिम्मेवारी छ । तर पनि उसले आफनो भूमिकालाई निर्वाह गर्न सकिरहेको छैन । जिम्मेवारी लिएर मात्र हुँदैन, त्यसलाई पूरा गर्न सक्नुपर्छ । यदि पूरा गर्न सकिँदैन भने अरूका लागि मार्ग प्रसस्त गर्नुपर्छ ।

संविधान संशोधनको नाम जपेर केन्द्रीय सत्तामा पुगेको फोरमले अहिलेसम्म संशोधनको लागि सिन्को भाँचेको छैन । यसले केन्द्रीय सरकारलाई कुनै प्रकारको दबाब पनि दिएको छैन । न त यससम्बन्धी प्रस्ताव नै उसले मन्त्रिपरिषदमा प्रस्तुत गरेको छ । फोरमबाट मन्त्री बनेका अध्यक्ष उपेन्द्र यादव संविधान संशोधनभन्दा पनि विदेश भ्रमणलाई बढी प्राथमिकता दिएका छन् । उनी किन सरकारमा गए भन्ने कुरा विस्तारै खुल्दैछ । फोरमका लागि संशोधन होइन सत्ता नै मुख्य चासोको विषय त होइन भन्ने आंकलन पनि गरिँदैछ ।

यसले के देखाउँछ भने मधेशी दल सत्ताका लागि आफ्नो एजेन्डा, मुद्दा र राजनीतिक आदर्श परित्याग गर्न सक्छन् । मधेशका राजनीतिक नेतृत्वको यहीं संकीर्ण सोचले मधेशको विकास एवं समृद्धिको आशा र विश्वासलाई निराशामा परिणत गरेको छ ।

## साताको सात बात



मधेशी जनताको अधिकार र स्वाभिमानका लागि म सदैव लड्दै आएको छु । संविधान संशोधनका विषयमा भएको सम्झौता पनि उपयुक्त समयमा कार्यान्वयनमा आउनेछ । राष्ट्रिय एकताले मात्र मधेशी जनताको सम्मान र मधेशको विकास सम्भव रहन्छ । **पुष्पकमल दाहाल, अध्यक्ष, नेपाल कम्युनिष्ट पार्टी**



प्रदेश सरकारसँग सम्बन्ध बिगारेर संघीय सरकार सफल हुन्छ जस्तो लाग्दैन । संघीय सरकारसँग हाम्रो सम्बन्ध चिस्सिएको हैन । संघ सरकारले देख्न नसकेको, उसले हेक्का नराखेको, कम वास्ता गरेको विषयमा हामीले सुझाव राखेका हौं । **पृथ्वीसुब्बा गुरूङ, मुख्यमन्त्री, गण्डकी प्रदेश**



संघीय सरकारलाई त संघीयता नै मन परेको छैन । प्रदेश सरकार बनेको छ । उत्पिडनमा परेका जनता, मधेशी, मुस्लिम, थारू, दलित र पहाडका जनजातीले अधिकार पाउने भयो भनेर संघीय सरकारलाई चिन्ता परेको छ । एकल जातीय सोच भएका र सिंहदरबारमा बसेर शाषण गरेकालाई प्रदेशमा अधिकार जाने भयो भनेर चिन्ता छ । **मो.लालबाबु राउत गद्दी, मुख्यमन्त्री, प्रदेश २**



एउटा सरकार सञ्चालनका लागि नै बिदेशीसँग हारगुहार गर्नुपर्ने देशमा सातआठ ओटा सरकार नेपाली जनताले थेग्न सक्दैनन् । **चित्रबहादुर के.सी, अध्यक्ष, राष्ट्रिय जनमोर्चा**



प्रदेश प्रहरीसम्बन्धी ऐन ७ नम्बर प्रदेशले पनि अगाडि बढाएको छ । ६ ले मन्त्रिपरिषदबाट पास गरेको छ । यसको विषयमा कसैले लेख्दैन । उसले मन्त्रिपरिषदबाट पास गर्नु भन्नुको अर्थ ७ र ६ ले पनि प्रक्रिया अगाडि बढाइसकेको हो नि त । तर, यस विषयमा कतै चर्चा छैन, प्रदेश २ को मात्रै चर्चा भइरहेको छ । **दिपेन्द्र झा, मुख्यन्याधिवक्ता, प्रदेश २**



प्रदेशको नाम र राजधानीको कुरा गर्ने हो भने यस प्रदेशमा नेकपाको स्पष्ट बहुमतको सरकार छ । हामीले निर्णय गर्ने बित्तिकै प्रदेश सभाबाट त्यसलाई टुंग्याउन सक्छौं । तर, गणितमा दुई तिहाई छ भनेर त्यतिकै यो विषयलाई अगाडि बढाउन चाहँदैनौं । सिंगो प्रदेशको भावना, भौगोलिक वस्तुस्थित र ऐतिहासिक पक्ष सबैलाई केलाएर त्यसमा पनि ९३ जना माननीयज्युहरूको भावनालाई पनि समेट्नुपर्नेछ । **शेरधन राई, मुख्यमन्त्री, प्रदेश १**



प्रदेश १ बाट उपेन्द्र यादवको पलायनपछि त्यहाँको मधशी जनताको आशाको केन्द्र राजपा नेपाल भएको छ । तर राजपा नेपालले ध्यान दिएको छैन । राजपा नेपालको महाधिवेशनको घोषणा भइसकेको छ । त्यसको तयारी भइरहेको छ । यी सबै कुरा महाधिवेशनमा मिल्दै जान्छन् । पार्टी एउटा ट्र्याकमा आउँछ । **सन्तोष मेहता, प्रवक्ता, राष्ट्रिय जनता पार्टी नेपाल**

# संघीय सरकारको प्रेतछायाबाट प्रदेश सरकार आतंकित



**रामचन्द्र मण्डल**

संवैधानिक हिसाबले प्रत्येक प्रदेशमा प्रदेशको प्रहरी पहिल्यैदेखि नै हुने व्यवस्था छ । तर, संसारकै इतिहासमा हेर्दा 'ओभरटेक' गर्दा संघीयता नै धरापमा परेको र अनेक किसिमका समस्याहरू निर्माण भएका हामीले देख्ने र सुन्ने गरेका छौं । संघीय कानुन बनि नसकेको अवस्थामा प्रहरी ऐन ल्याउनुभन्दा पनि संघीय कानुन बनिसकेपछि प्रहरी ऐन ल्याउनुपर्ने हो ।

प्रहरीका क्षेत्राधिकारहरू निर्धारण गर्ने काम संघीय कानुनले मात्र निर्धारण गर्न सक्छ । प्रहरीको दरबन्दी तोक्ने पनि संघीय कानुनले नै हो । त्यसैले यस्ता समग्र विषयहरूलाई हेर्दा प्रदेश २ ले हतारमा प्रहरी ऐन ल्याएको देखिन्छ । तर, त्यसले तत्कालै परिणाम ल्याउँछ भन्ने लाग्दैन र संघीय सरकारको प्रेतछायालाई हेरेर प्रदेश सरकार आतंकित भएको जस्तो हामीलाई अनुभूति भएको छ । प्रदेश २ को सरकारले बहुमतका आधारमा प्रहरी ऐन ल्याएको भन्ने कुरामा हाम्रो भन्नु केही छैन । प्रहरी ऐन ल्याउनुपर्छ भन्ने हाम्रो पनि मान्यता हो । तर संवैधानिक र कानुनी व्यवस्था पहिलेदेखि नै रहँदा रहँदै हतार गर्नु र उचित समय नभईकन नै ल्याउनुमा हाम्रो विमति हो ।

प्रदेशका धेरै कामहरू बाँकी नै छन् । नामाकरण गर्ने, स्थायी राजधानी तोक्ने जस्ता कामहरूलाई प्राथमिकताका साथ अगाडि बढाउनुपर्नेमा प्रहरी ऐन ल्याएर राजनीतिमा तहल्का मच्चाउने काम मात्र भयो । प्रदेश २ ले प्रहरी ऐन पास गरिसक्दा पनि प्रहरी भर्ना गर्न सक्ने अवस्था छैन किनकी क्षेत्राधिकार नै कायम भईसकेको छैन । कुन तहको प्रहरी राख्ने, हातहतियारसहित प्रहरी राख्ने हो कि लठ्ठीमात्र लिने ? यस्ता विषयहरूको निर्धारण संघीय प्रहरी ऐनले गर्ने हो यस्ता समस्याहरू प्रति सरकार गम्भीर नभएर अपरिपक्क ढंगले प्रदेश २ को सरकार चलिरहेको छ ।

सबैभन्दा पहिले दरबन्दी निर्धारण हुनुपर्छ । प्रदेश सरकारले दरबन्दी तोक्न सक्दैन । समायोजनको प्रक्रिया कसरी अगाडि बढाउने यी सम्पूर्ण बिषयहरू फाइनल नभएसम्म यो ऐन कार्यान्वयनको दिशामा अगाडि बढ्न सक्दैन र समस्या मात्र निम्त्याउँछ । प्रदेश र संघको आ-आफ्नै संवैधानिक अधिकार रहेको छ । त्यही अधिकारमा बसेर प्रदेश सरकार सञ्चालन हुनसक्छ तर संघ र प्रदेशबीच सहकार्य गरेर अगाडि बढ्न सकेमा जीवन्त हुन्छ, गतिशिलता दिन्छ । जति संघ र प्रदेशबीच दुरी बढ्दै जान्छ त्यति नै समाजमा नकारात्मक असर पर्दै जाने र संघीय व्यवस्थाप्रति वितृष्ण भावना फैलँदै जान्छ भन्ने मलाई लाग्छ ।

प्रदेश सरकारले संघीय सरकारको प्रेतछायाबाट आतंकित हुने प्रवृत्तिलाई निरूत्साहित गर्न जरूरी छ । संघ र प्रदेशबीचमा दुरी बढ्दै जानु कसैको लागि पनि राम्रो विषय होईन । सहकार्य गर्दै अगाडि बढ्नुपर्छ यो आजको आवश्यक्ता पनि हो । संघीय सरकारको हिजो र आजको व्यवहारलाई नियाल्दा केही न केही अन्तर भएको छ र पुरानोको निरन्तरता पनि छ । तर मुख्य रूपमा विश्वास जाग्न सक्नुपर्छ । मधेशका जनताले संघीय सरकारलाई पनि सहयोग गर्न सक्नुपर्छ भने संघीय सरकारले पनि मधेशी जनताको माग र मुद्दाप्रति सकारात्मक भएर अगाडि बढ्नुपर्ने आवश्यक्ता छ ।

प्रदेश २ का मुख्यमन्त्री मो. लालबाबु राउत हेर्दा सज्जन, सहयोगी देखिनुहुन्छ तर उहाँको व्यवहार त्यस्तो छैन । उहाँ एकदमै संकीर्ण र बिना योजनामा हिंड्ने, कमाण्ड नभएको मान्छेको रूपमा हामीले चिनेका छौं । जसरी प्रदेशमा १ अर्ब रूपैयाँको बजेट छ, त्यसमा ३३ करोड पूर्ण रूपमा भ्रष्टाचार भएको देखिन्छ, त्यसको समानुपातिक वितरण भएको छैन, भारतीय प्रधानमन्त्रीी नरेन्द्र मोदीको जनकपुर भ्रमणको समयमा भएको खर्चको कुनै हिसाबकिताब छैन । प्रदेश सरकारको आर्थिक गतिविधिले त्यस प्रदेशको अवस्था कस्तो छ भनेर अन्य व्यक्तिहरूले बुझ्ने गर्दछन् ।

प्रदेश सरकारसँग गौरवको एउटा पनि योजना छैन । त्यस्तो सरकारको नेतृत्व गरिराख्नु भएका मुख्यमन्त्रीबाट हामी र आम जनताले के अपेक्षा गर्ने ? 'बेटी बचाऊ, बेटी पढाऊ' अभियान छ एउटा प्रदेशको । बजेट बाँडेर सकिएको छ । सबै एनजीओकरण भएको छ । पूर्वाधारको क्षेत्रमा केही सुधार भएको छैन । केन्द्र सरकारबाट यस अभियानको लागि बजेट लिने तर प्रदेशमा कुनै प्रभावकारी काम नगरी बजेट बाँडेर, मिलेर खाएर सकाउने । प्रदेशको आम्दानीको स्रोत कसरी बढाउने, पूर्वाधारको विकास कसरी गर्ने भन्ने विषयमा रत्तीभर ध्यान छैन । जातीय उन्मादले मात्र २ नम्बर प्रदेशको विकास हुनसक्छ ? भावनाले मात्र विकास गर्छु भनेर हुँदैन, व्यवहार पनि त्यही अनुरूप हुन सक्नुपर्छ ।

प्रदेश २ को प्रमुख प्रतिपक्षमा हामी छौं । हामीले विभिन्न विषयमा सरकारलाई सुझाव दिने गरेका छौं तर त्यो सुझाव लिने व्यक्तिले बुझेर आकंलन गर्नुपर्ने हुन्छ । हामीले दिएको सुझावलाई बुझेर कार्यान्वयन भएको हामीलाई महसुस भएको छैन । सरकार बनेको धेरै लामो समय भएको छैन । यसलाई सबैजना मिलेर परिपक्क बनाउनुपर्छ भनेर हामी प्रतिपक्ष भएर पनि धेरै विषयमा सरकारलाई सघाउने गरेका छौं तर जसरी सरकारले अन्य दलहरूसँग विश्वासको वातावरण बनाउनुपर्ने हो त्यो वातावरण बनिरहेको छैन ।

प्रदेश २ को नामाकरणको विषयमा पनि चर्चा भइरहेकै छ । नामाकरण गर्दा ऐतिहासिक वस्तुस्थितिलाई सम्बोधन गर्नुपर्छ । मिथिलाको पनि एउटा भुगोल, भाषा र संस्कृति छ । त्यस्तै भोजपुराको आफ्नै भूगोल, भाषा र संस्कृति पनि रहेको छ, मधेशले पनि हिजोको दिनमा आन्दोलन गर्‍यो, संघीयता आउनुमा मधेश आन्दोलनको ठूलो भूमिका रह्यो र 'मधेश' भन्ने शब्द पनि स्थापित भएको हो । त्यसकारण मिथिला भोजपुरा मधेश प्रदेश नामाकरण गरौं भन्ने हाम्रो भनाई हो । यदि यो ठूलो नाम लाग्छ भने त्यसलाई 'मिभोम' प्रदेश गरौं यसरी सबैको भावनालाई समेटेर अगाडि बढ्न सक्यो भने २ नम्बर प्रदेश जिवन्त र बलियो हुन्छ भन्ने लाग्छ । अहिलेसम्म मध्य मधेश, मधेश, मिथिला जस्ता नामहरूको विषयमा चर्चा भइरहेको छ । प्रदेशको प्रदेश भाषाको विषयमा खासै विवाद छैन । स्पष्ट रूपमा मैथिली र भोजपुरी भमुख्य भाषा हो । यसलाई नै प्रादेशिक भाषा बनाउनुपर्छ र यो सर्वसम्मत नै हो ।

केन्द्रमा इतिहासकै सबैभन्दा बलियो सरकार बनेको छ । लोकतन्त्रमा आलोचना गर्न पाउने स्वतन्त्रता हुन्छ र यसलाई अस्वभाविक लिनु हुँदैन । केन्द्रीय सरकारको जे वस्तुगत स्थितिलाई लिएर आलोचना भइरहेको छ त्यो आलोचना गर्न लायक कै वस्तुस्थिति हो । दुई तिहाईको सरकार छ तर गतिविधि जनपक्षीय छैन । त्यस्तो भएपछि आफ्नै पार्टीका नेताहरूले स्वभाविक रूपमा पार्टी भित्र र पार्टी बाहिर पनि आलोचना गर्नु दायित्व हो । अहिले नै सरकारले गरेको प्रतिबद्धता अनुरूप काम भएन, यति बलियो सरकारले पनि केही काम गरेन भनेर निराश हुनुपर्ने अवस्था छैन । हरेक ठाउँमा बिग्रिएको सिस्टमलाई ट्र्याकमा ल्याउन केही समय लाग्छ ।

**प्रहरी ऐन ल्याउनुपर्छ भन्ने हाम्रो पनि मान्यता हो । तर संवैधानिक र कानुनी व्यवस्था पहिलेदेखि नै रहँदा रहँदै हतार गर्नु र उचित समय नभईकन नै ल्याउनुमा हाम्रो विमति हो ।**

संविधान निर्माण भएपनि त्यसका अन्य पक्षहरूमा धेरै काम गर्न बाँकी नै छ । राष्ट्रिय जनता पार्टी नेपालले अहिले नै सरकारलाई दिएको समर्थन फिर्ता लिएर आन्दोलनमा जान्छ भन्ने मलाई लाग्दैन ।

*(नेकपाका प्रदेश २ का प्रदेशसभा सदस्य मण्डलसँग मधेशवाणीले गरेको कुराकानीमा आधारित)*

# राज्यद्वारा हुने षड्यन्त्रको पहिचान गर्नुपर्छ



**अब्दुल खान**

मुस्लिम र हिन्दू समुदायको मानिसहरू सदियौंदेखि आपसी मेलमिलाप गरी बसिरहेका छन् । मधेशका जिल्लाहरूमा संघनरूपमा मुस्लिमहरूको बसोवास छ । आफ्नो परम्परा, चाडपर्व बाहेकको अवस्थामा धेरै हदसम्मा हिन्दू-मुसलमान छुट्टयाउन मुस्किल हुन्छ तर राज्यले यस्तो मिलेको समाजलाई बेलाबखतमा चिरा पर्ने खालको सुनियोजित षड्यन्त्र गरिदैछ । खासगरि मधेश र मधेशी मुद्दामा एकजुट हुने बेला राज्यले धार्मिक हत्कण्डा अपनाउछ । २०६२/६३ सालमा होस्, २०७२ मा होस या अहिले मधेश स्वतन्त्रताको आन्दोलन किन नहोस् । अहिले पनि घना मुस्लिम आवादी भएका जिल्लाहरू रौतहट, कपिलवस्तु दुबै जिल्लाहरूमा कलशयात्रामा र मुर्ती विसर्जनमा सानातिना दंगा गराई नश्लवादी मिडियाद्वारा खुब प्रचारवाजी गराइयो । आरोप प्रत्यारोप भारतीय हिन्दू संगठनलाई लगायो । नेपालीहरू भारतीयहरूको केही गर्न नसकेको अवस्थामा मधेशीहरूलाई भिडाउने षड्यन्त्र शासकहरूले गर्दैछन् । नेपालमा कट्टरपन्थी हिन्दूवादी संगठनहरू छन्, प्रायसबैको प्रमुख नेपाली पहाडीहरू नै छन् । यदि भारतीय संगठनहरू मधेशी मुसलमानहरूको सम्पदामा तोडफोड गर्छन् भने, त्यो नेपाली शासन र शासकहरूले गराउने गर्दछन् । किनकि परराष्ट्र नीति तिनै शासकहरूसँग छ । उनीहरूलाई सीमारेखाभित्र आउने इजाजत शासकले नै दिन्छन् होला ।

**सम्पूर्ण मधेशवासीहरूले राज्यद्वारा हुने षड्यन्त्रलाई पहिचान गरिनु पर्छ । अन्यथा हिन्दू, मुस्लिम कसैको भलो हुँदैन ।**

इतिहास साक्षी छ, यी नेपाली शासकहरूको नाईके पृथ्वीनारायण शाहलाई युद्ध कला र हातहतियार सिकाउने र बनाउने कार्य मुस्लिमहरूले गरेका हुन् । तर जब राष्ट्रियता र पहिचानको सवालमा तिनै मुसलमानहरूलाई भारतीय भनियो, यी शासकहरूले मुसल्टा, पाकिस्तानी नानाथरिका अपमानित शब्दहरू मुसलमानहरूलाई प्रयोग नगरेका होइनन् । अहिले बेरोजगारी, भूमिहीनता, अशिक्षा सबैमा मुस्लिम अगाडी छन्, कारण नागरिकता । अहिले पनि हजारौं लाखौं मुसलमानहरू नागरिकताविहीन छन् ।

राज्यले मुसलमानहरूलाई विस्थापन गर्न जातीय नरसंघार गरिने घटना अहिले होइन । ईराकमा १२ नेपाली मारिदा, नेपालगन्ज दंगा र जातीय घटनाक्रम देखिँदा सुनयोजित देखिन्छन् । यद्यपि केही मुसलमानहरूका ठेकेदारहरूले खुब ढाका टोपी ओडेर नेपाली बन्ने प्रयत्न गरिनुभयो तर भैंसीलाई धोएर गाई बनाउन सकिँदैन । सम्पूर्ण मधेशवासीहरूले राज्यद्वारा हुने षड्यन्त्रलाई पहिचान गरिनु पर्छ । अन्यथा हिन्दू, मुस्लिम कसैको भलो हुँदैन । भलो मात्र नेपाली शासकहरूको हुन्छ, एक एकलाई सखाप पार्छ सबै मुकदर्शक हुन्छन् । त्यसकारण एकताको विकल्प छैन ।

*(खान स्वतन्त्र मधेश गठबन्धनका प्रवक्ता हुन् ।)*

# प्रहरी ऐन कार्यान्वयन गर्न कसैले रोक्न सक्दैन

**प्रदेश प्रहरी ऐन कार्यान्वयनमा जानबाट हामीलाई कसैले रोक्न सक्दैन। यदि केन्द्रलाई अप्ठ्यारो पर्छ भने सर्वोच्च अदालतमा गए हुन्छ। को हतारिएको छ, कसले विलम्ब गरेको छ भन्ने कुरा यो संविधानको व्याख्याको रूपमा त सर्वोच्च अदालतले गर्छ नि।**



**मो.लालबाबु राउत गद्दी**
**मुख्यमन्त्री, प्रदेश २**

**० प्रदेश २ मा अहिले कुन-कुन विधेयक तयार भइरहेको छ ?**

– हामीले आवश्यक पर्ने विधेयकहरू तयार गरिरहेका छौं । शिक्षा, स्वास्थ्य, वन, उद्योग, यातायात लगायतका विधेयकहरू तयारीको प्रक्रियामा छन् । यसैगरी, प्रशासनसम्बन्धी विधेयक पनि तयार हुँदैछ । प्रहरी ऐन आइसकेको छ । प्रशासनिक अधिकारी भर्नाका कुरा, निजामती सेवा ऐन, लोक सेवा आयोगसम्बन्धी विधेयकहरू ल्याउन लागेका छौं ।

**० प्रदेश सरकारले हतारमा प्रदेश प्रहरी ऐन ल्याएको भन्ने गुनासो छ नि ?**

– प्रहरी ऐन हतारमा ल्याइयो भनेर कसले भनिरहेका छन् ? हतारमा ल्याइयो भनेर जसले भन्दै छन् उसले मुलुकमा संघीयता चाहेकै छैन । आफूले गर्नुपर्ने काम नगर्ने र अरूले गर्न खोजेपछि विभिन्न किसिमका बखेडा झिक्नेहरूले यस्ता कुरा गरिरहेका छन् । प्रदेश सरकारलाई संघीय प्रहरी ऐन ल्याउन कसले रोकेको छ र ? केन्द्रले संघीय प्रहरी ऐन ल्याउन विलम्ब गर्ने तर हामीले ल्याउन खोजेपछि विभिन्न किसिमका आरोप लगाउने, यो त हुँदै भएन । प्रदेश प्रहरी ऐन ल्याउन संविधानले नै हामीलाई अधिकार दिएको छ । र, संविधानले हामीलाई जुन अधिकार दिएको छ त्यसको हामीले उपयोग गरेका छौं । संविधानको धारा २६८ (२) ले भनेको छ -'प्रत्येक प्रदेशमा प्रदेश प्रहरी संगठन रहनेछ ।' संविधानले यो त भनेको छैन कि पहिले संघले नै ल्याउने कि प्रदेशले । त्यसैले धारा २ अनुसार प्रदेश प्रहरी गठन गर्ने हाम्रो अधिकार हो । यसैगरी, संविधानको धारा २६८ को ३ मा के छ भने संघीय प्रहरी र प्रदेश प्रहरीको कार्यसम्पादनको सञ्चालन गर्ने, पर्यवेक्षण गर्ने र समन्वय गर्ने भन्ने कार्य संघीय प्रहरी अनुसार हुनु पर्छ । अर्थात् अब गठन भइसकेपछि समन्वय र पर्यवेक्षणको कुरा आउँछ । त्यसैले यदि कसैले भन्छ कि अलिकति हतारो भयो र चाँडै ल्याइयो भने उनको मानसिकता नै ठिक छैन । यो मुलुकमा प्रदेश अधिकार अधिकार सम्पन्न होस्, प्रदेशले अधिकार पाओस् र उत्पीडनमा परेका जनताहरूको अधिकार मिलोस् भन्ने एकथरिको मानिसमा गलत मानसिकता छ ।

**० तर, संघीय प्रहरी ऐन नबनेसम्म प्रदेश प्रहरी ऐन कार्यान्वयनमा आउन सक्छ त ?**

– प्रहरी ऐन हामीले हेर्नका लागि ल्याएको हो र ? संघीय प्रहरी ऐन गठन नभएसम्म हामी त्यसै बसिरहने ? हामीले यो कार्यान्वयन गर्नका लागि ल्याएका छौं । यदि केन्द्रले प्रहरी ऐन ल्याउँछ भने केही समयका लागि हामी इज्जत गर्न सक्छौं । प्रदेश प्रहरी ऐन कार्यान्वयनमा जानबाट हामीलाई कसैले रोक्न सक्दैन । यदि उहाँहरू (केन्द्र)लाई अप्ठ्यारो पर्छ भने सर्वोच्च अदालतमा गए हुन्छ । उहाँहरूमध्ये कसैले मुद्दा देओस् न । को हतारिएको छ, कसले विलम्ब गरेको छ भन्ने कुरा यो संविधानको व्याख्याको रूपमा त सर्वोच्च अदालतले गर्छ नि । गरोस् न त ।

**० संघीय सरकारका अधिकारीले संघीय ऐन नबनेसम्म प्रदेश प्रहरी ऐन कार्यान्वयनमा आउन नसक्ने भन्दै आएका छन् नि ?**

– उनीहरू के भन्छन्, त्यो कुरा छोड्नुस् । उनीहरू त के-के भन्छन् भन्छन् । अहिले प्रदेशमा कर्मचारी पठाउने बेलामा कर्मचारी पठाइरहेका छैनन् । यसमा ध्यान केन्द्रित गरोस् न । संघीय सरकारका मन्त्रीहरूले प्रदेश सरकारले काम गरेन भन्छन् तर उनीहरू प्रदेश सरकारले आफ्नो बजेट, नीति कार्यक्रम ल्याइसकेपछि पनि त्यो नीति कार्यक्रम कार्यान्वयन गर्नका लागि कर्मचारी चाहिन्छ भन्ने कुरा गर्दैनन । कर्मचारी नदिने र आफै कर्मचारी भर्ना गर्ने वातावरण तयार गर्दा अनेक किसिमका बखेडा झिक्ने ? यो संविधानको अनुसूची ६ को १ नम्बरमै प्रदेश प्रहरी, प्रशासन र शान्ति सुरक्षासम्बन्धी कामका लागि प्रदेश प्रहरी हुनैपर्छ भन्ने उल्लेख छ । प्रदेशलाई यस्तो अधिकार अनुसूचिको १ नम्बरमै दिइएको छ । प्रदेशलाई यस्तो प्रावधान किन संविधानमा राखिएको होला ? उहाँहरूको प्रतिक्षा गर्नका लागि ? उहाँहरूले संघीय प्रहरी ऐन ल्याएपछि मात्र प्रदेशले ल्याउनका लागि ? यो हुँदैन । आफू पनि काम नगर्ने र अरूलाई पनि गर्न नदिने नियत हो । अहिले विभिन्न ऐन कानूनहरू बनाउनुपर्ने बेलामा के गरेर बसेको छ संघ ? किन संघीय प्रहरी ऐन ल्याइउँदैन त ?

**० संघीय कानून आइनसकेको अवस्थामा प्रदेश आफैले प्रहरी भर्ना गर्न पाउँदैन भनेर संघीय मामिला तथा सामान्य प्रशासन मन्त्री लालबाबु पण्डितले भन्नुभएको छ नि ?**

– लालबाबु पण्डितको कुरा छोड्नुस् न । उहाँ आफ्नो बोली बोल्छन् कि पार्टीका बोल्छन्, मन्त्री हुन् कि पार्टीका नेता हुन् त्यो स्पष्ट छैन । मन्त्री भएपछि कर्मचारी पहिला पठाओस् न प्रदेशमा । कर्मचारी पठाउने हुत्ती छैन अनि यसरी बखेडाबाजी कुरा गर्ने मन्त्री लालबाबु पण्डितले ।

**० तपाईंहरूले प्रहरी ऐन ल्याइसकेपछि कहिलेदेखि थालनी गर्नुहुन्छ त ?**

– आउने समयमा त्यसको नियमावली ल्याउनुपर्छ, गृहकार्य गर्नुपर्छ । यसका विभिन्न प्रक्रियाहरू छन् । अहिले त हामीले एउटा चरण पार गरेका छौं । अब अन्य प्रक्रियामा पनि लाग्छौं । समय त लाग्छ । अब कति समय लाग्छ त्यो त किटेर भन्न सकिँदैन ।

**० पहिलो चरणमा कति प्रहरी भर्ना गर्नुहुन्छ ?**

– आवश्यक्ता र औचित्यको आधारमा प्रहरी भर्ना गर्छौं ।

**० तपाइँकै अगाडि नेकपाका केन्द्रीय अध्यक्ष तथा पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले चेतावनीपूर्ण भाषामा प्रहरी ऐनप्रति असन्तुष्टि जनाउनुभयो नि ?**

– यो उहाँको बुझाई हुन सक्छ । मलाई त लाग्दैन कि उहाँले चेतावनी दिनुभएको छ । चेतावनी के दिनुहुन्छ कि यसो गरेन भने उसो हुन सक्छ । प्रचण्डजी स्वयम्लाई म भन्छु कि संविधान पढ्नुस् । उहाँहरूले नै संविधान ल्याउनुभएको छ र मलाई लाग्दैन कि उहाँहरूले संविधान पढ्नुभएको छ । त्यसैले यस्ता कुराहरू गरिरहनु भएको छ । पहिले उहाँहरू संविधान पढ्नुपर्छ ।

**० उहाँको अभिव्यक्तिलाई कसरी लिनुभएको छ ?**

– उहाँको यो आफ्नो सोच हो कि दुर्घटना हुन सक्छ । के दुर्घटना हुन्छ ? यो प्रदेशमा उत्पीडनमा परेका जनताको अधिकारको कुरा गर्दा दुर्घटना हुन्छ त ? केन्द्रीय सरकार आफू निकम्मा भएर बस्ने र अरूलाई पनि निकम्मा बनाएर राख्ने ? आफ्नो निकम्मापन अरूको टाउकोमा थोपर्ने ? आफू समयमा कानून नबनाउने अरूले बनाउन खोज्दा अरङ्गल लगाउने ?

**० बेला-बेलामा प्रदेश २ र केन्द्रबीच किन टकरावको स्थिति पैदा हुन्छ ?**

– कहाँ टकराव छ, कसले टकराव बनेको छ र । हामीले आवश्यक्ता र औचित्यको आधारमा प्रहरी ऐन ल्याएका हौं । यसले टकराव नै भइहाल्यो भन्ने होइन । प्रदेशमा हामी काम गर्न खोज्दा केन्द्रको केही गुनासा हुनसक्छ ।

**० तर, प्रदेश २ को निर्णयप्रति प्रायः केन्द्रको असन्तुष्टि रहँदै आएको छ भने केन्द्रप्रति पनि तपाइँहरूको विभिन्न गुनासाहरू छ, यस्तो स्थिति किन नि ?**

– उहाँहरूको आफ्नो सहमति/असहमति हुनसक्छ तर त्यस्तो द्वन्द्वकै अवस्था भने छैन । सञ्चारमाध्यमले जसरी भनिरहेको छ त्यस्तो टकराव वा द्वन्द्व छैन । नेपाल यसरी मात्रै पछि परेको छैन । नेपालका यही चिन्तन छन्, समयमा काम नगर्ने, जुन किसिमको परम्परा छ नि जसले नेपाल सधैं पछाडि पर्दै आएको छ । अहिलेसम्म आवश्यक ऐन कानूनहरू बनाउन सकिएको छैन । साढे चार महिनाभित्र कानूनलाई संशोधन गरेर जानुपर्ने हो । त्यसो भएन भने संविधानसँग बाझेर सबै निष्क्रिय भएर जानेछ । यो सब कसले गरिदिनेछ ? अहिले संघीय सरकारले गर्नुपर्ने होइन र ? किन गर्न सकेको छैन त ? संघीय सरकारलाई कसले रोकेको छ र ? यसरी आफू नगर्ने र अरूले गर्न खोज्दा विभिन्न किसिमका भाँजो हाल्ने, यो राम्रो प्रवृत्ति र चलन होइन ।

**० प्रदेश २ मा काम गर्नका लागि पाँच हजार कर्मचारी आवश्यक छ, जसमध्ये तपाइँहरूसँग अहिले जम्मा साढे दुई सय मात्र छ । करार ऐन पारित गरेर कर्मचारी पूर्ति गर्ने भनेर पनि भन्नुभएको छ । कहिलेसम्म कर्मचारी पूर्ति गर्नुहुन्छ ?**

– अब करार ऐन त पहिला पास होस् । करार ऐन पास भइसकेपछि हामी आफ्नो आवश्यक्ताअनुसार संघीय सरकारसँग माग गर्छौं । हामीलाई समयमा कर्मचारी आउँदैन भने हामीले ल्याएको नीति, कार्यक्रम तथा बजेट कार्यान्वयन गर्नका लागि हामी आफै कर्मचारी पूर्ति गर्छौं ।

**० प्रदेश सरकार गठन भएको दिनदेखि अहिलेसम्म तपाइँहरूले के कस्ता कामहरू गर्नुभयो जुन जनताले अनुभूति गर्न पाएका छन् ?**

– सोध्नुस् न संघीय सरकारका मन्त्रीसँग । के मन्त्री गएर काम गर्ने ? मन्त्रीहरू फिल्डमा काम गर्छ कि कर्मचारीले गर्छ ? राज्य सञ्चालन गरिरहेको छ कि मजाक गरिरहेको छ ? पाँच हजार कर्मचारीको ठाउँमा साढे दुई सय कर्मचारी दिएर काम हुन्छ ? यस्तो अवस्थामा के गर्न सकिन्छ ? बजेट त्यस्तै छ । कर्मचारी नदिएपछि त बजेट त्यस्तै फ्रिज भएर जान्छ नि । काम गर्ने वातावरण नै बनाएको छैन

**० भनेपछि केन्द्रले तपाइँहरूलाई कर्मचारी नदिँदा काम गर्न सक्नुभएन ?**

– समस्या त यही हो नि । नीति तथा कार्यक्रम र बजेट सबै छँदैछ तर कसरी काम गर्ने ।

**० तर, तपाइँहरूले आफूले गर्नुपर्ने कामहरू जस्तै, ऐन नियमहरू बनाउने काममा पनि ढिलाई भइरहेको छ भन्ने गुनासो छ नि ?**

– कसले भन्यो ढिलाई भइरहेको छ । हामीसँग अहिले ५० वटा विधेयक तयारी अवस्थामा छन् । अहिलेसम्म कुनै पनि प्रदेशले हामीजती विधेयक बनाएको छैन ।

**० मलेठ घटनाको सन्दर्भमा गठन भएको मन्त्रिस्तरीय छानबिन समितिको प्रतिवेदन के भयो ?**

– मलेठ घटनाको प्रतिवेदन छिट्टै आउँछ । हामीसँग तयारी अवस्थामा छ, छिट्टै ल्याउँछौं ।

**० प्रदेशको नामाकरण कहिले गर्ने ?**

– त्यो पनि छिट्टै आउँछ । नामाकरणको पनि प्रस्ताव तयार छ । उपयुक्त समयमा छिट्टै आउँछ । नाम के राख्ने भनेर आइसकेपछि सबैलाई थाहा भइहाल्छ ।

**० प्रदेश संरचनालाई असहयोग गर्ने तत्वहरू के-के हुन् ?**

– अहिलेसम्म मानसिकता परिवर्तन भएको छैन । मानसिकतामा परिवर्तन नभइकन यो मुलुकमा जुन किसिमले परिवर्तन हुनुपर्ने त्यो हुन सक्दैन । काम गर्ने संयन्त्र जो सिंहदरबारमा पूरै अधिकारहरू केन्द्रित गरी राख्ने जुन मानसिकता छ, त्यो नै सबभन्दा ठूलो दोषी हो । जो संघीयता, परिवर्तन चाहिरहेका छैनन्, उत्पीडनमा परेका समुदायको अधिकार दिन चाहिरहेका छैनन् ती प्रवृत्ति नै दोषी हो ।

**० तपाइँले सार्वजनिक कार्यक्रमहरूमा जसरी आफ्ना गुनासाहरू गर्नुहुन्छ, प्रधानमन्त्रीलाई सिधै भेटेर भन्न सक्नु हुन्न ?**

– प्रधानमन्त्री सडकमा भेट्ने कुरा हो ? त्यति सजिलो छ प्रधानमन्त्रीलाई भेट्न ? हामीले त प्रयास गरेकै हो तर उहाँले समय दिनुभएन ।

**० प्रदेशमा तपाइँको 'ड्रिम प्रोजेक्ट' के हो ?**

– सबभन्दा ठूलो योजना, जुन मुख्यमन्त्री कार्यालयले नै सञ्चालन गरेको छ, 'बेटी पढाउ बेटी बचाउ' अभियान छ । यसैगरी, यो प्रदेशभित्रका विभिन्न धार्मिक पर्यटन स्थलहरूको स्तरोन्नति गर्ने, पर्यटक बढाउने, शिक्षाका स्तरलाई उकास्ने र शिक्षामा सबैको पहुँच कसरी पुऱ्याउने, स्वास्थ्यमा कसरी सबैको पहुँच पुऱ्याउने लगायतका हाम्रा महत्वाकांक्षी योजनाहरू छन् । ती कार्यक्रमहरू लिएर हामी अगाडि बढ्दैछौं ।

**० 'बेटी बचाउ बेटी पढाउ' अभियान कति प्रभावकारी छ ?**

– एकदम प्रभावकारी छ । यसको प्रभावकारिता बढ्दै गएको छ ।

**० यो अभियान लागू भइसक्दा पनि प्रदेशमा महिला हिंसा, बालिकाको हत्या, बलात्कार लगायतका घटनामा त कुनै किसिमको कमी आएको छैन नि ?**

– शान्ति सुरक्षाको जिम्मा अहिले संघीय सरकारको मातहतमा छ । संविधानतः शान्ति सुरक्षाको जिम्मा प्रदेश सरकारको हो । तर, एकचोटि हामीले प्रहरी ऐन ल्याउन खोज्दा यतिको कोकोहोलो मच्चायो । भनेपछि यो संघीय सरकारको जिम्मेवारीभित्र छ कि छैन ? के मन्त्रीहरू गार्ड बसेर सुरक्षा गर्ने ? प्रदेश सरकारले त्यहाँ गएर गर्ने ? हाम्रो जिम्मा भएपछि हामीले यसको जिम्मेवारी लिन्छौं । तर, जे भएपनि हामीले आफ्नो स्तरबाट गरिरहेका छौं ।

**० अब अन्त्यमा, बाराको निजगढमा अन्तर्राष्ट्रिय विमानस्थल बनाउने कुरा छ, यस विषयमा तपाइँहरूसँग छलफल भएको छ कि छैन ?**

– यस सम्बन्धमा हामीसँग छलफल भएकै छैन । के गर्न खोजेका छन्, कस्तो बनाउन खोजेका छन् हामीसँग पहिला छलफल त होस् । यस्तो राष्ट्रियस्तरको योजनाको हामी पक्ष र विपक्षमा उभिनुभन्दा यो आवश्यक छ र हुनुपर्छ । तर, कमभन्दा कम क्षतिमा बढीभन्दा बढी उपलब्धी कसरी हासिल गर्न सकिन्छ त्यसमा हामी लाग्नुपर्छ ।

*(मधेशवाणीका लागि रामसुकुल मण्डलले गरेको कुराकानीको सम्पादित अंश)*

## संघीय सरकारप्रति आक्रोश

- ☞ प्रहरी ऐन हामीले हेर्नका लागि ल्याएको हो र ? संघीय प्रहरी ऐन गठन नभएसम्म हामी त्यसै बसिरहने ?
- ☞ आफू पनि काम नगर्ने र अरूलाई पनि गर्न नदिने नियत हो । अहिले विभिन्न ऐन कानूनहरू बनाउनुपर्ने बेलामा के गरेर बसेको छ संघ ? किन संघीय प्रहरी ऐन ल्याइँदैन त ?
- ☞ लालबाबु पण्डितको कुरा छोड्नुस् न । उहाँ आफ्नो बोली बोल्छन् कि पार्टीका बोल्छन्, मन्त्री हुन् कि पार्टीका नेता हुन् त्यो स्पष्ट छैन ।
- ☞ प्रचण्डजी स्वयम्लाई म भन्छु कि संविधान पढ्नुस् । उहाँहरूले नै संविधान ल्याउनुभएको छ र मलाई लाग्दैन कि उहाँहरूले संविधान पढ्नुभएको छ ।
- ☞ केन्द्रीय सरकार आफू निकम्मा भएर बस्ने र अरूलाई पनि निकम्मा बनाएर राख्ने ? आफ्नो निकम्मापन अरूको टाउकोमा थोपर्ने ?
- ☞ हामीलाई समयमा कर्मचारी आउँदैन भने हामीले ल्याएको नीति, कार्यक्रम तथा बजेट कार्यान्वयन गर्नका लागि हामी आफै कर्मचारी पूर्ति गर्छौं ।
- ☞ राज्य सञ्चालन गरिरहेको छ कि मजाक गरिरहेको छ ? पाँच हजार कर्मचारीको ठाउँमा साढे दुई सय कर्मचारी दिएर काम हुन्छ ? यस्तो अवस्थामा के गर्न सकिन्छ ?

# मदरसा शिक्षाको सैद्धान्तिक धरातल र इतिहास-२

जाकिर हुसैन

रहमान नामक एक लेखक (२००४) का अनुसार शाह अब्दुल रहिम भन्ने एक मुस्लिम विद्वान्ले १७१८ मा बग्दादको रहमानिया मदरसाका लागि एक पाठ्यक्रम विकसित गर्ने प्रयास गरेका थिए ।

भारतीय उपमहाद्वीपमा मदरसाको अभ्यास :

मुस्लिम विद्वान् निजामुद्दीन सिहाल्वीले १७४८ मा फरंगी महल लखनऊमा मदरसाको लागि पहिलो मापदण्ड पुगेको पाठ्यक्रम विकसित गरे । यिनीबाट विकसित पाठ्यक्रमलाई 'दर्श-ए-निजामी' को नामले चिनिन्छ । यसअघि शाह अब्दुर्रहीमद्वारा तयार पारिएको पाठ्यक्रममा मंकुलात (अध्यात्मिक ज्ञान) माथि जोड दिइएको थियो । 'दर्श-ए-निजामी' मा माकुलात (सामान्य ज्ञान) माथि जोड दिइएको थियो । यसअघि व्याकरण, तर्कशास्त्र र दर्शन शास्त्रमाथि बढी पुस्तकहरू थिए (रहमान, २००४) र अहमद ९जततउस्रधधधाबउभककायचन० ले वर्णन गरेअनुसार 'दर्श-ए-निजामी' को पाठ्यक्रमले २० वटा विषय समेटेको छ जसलाई दुई भागमा विभक्त गर्न सकिन्छ–

१. अल्-उलूम-अन्-नकालिया (अवतरित अध्यात्मिक ज्ञान)

२. अल्-उलीम-अल्-अकालिया (सन्तुलित ज्ञान)

भारत, पाकिस्तान, बंग्लादेशजस्ता दक्षिण एसियाली राष्ट्रहरूले आफ्नो मूल शिक्षा प्रणालीमा मदरसा शिक्षालाई पनि समाहित गरेका छन् । यी राष्ट्रहरूमा लाखौंको संख्यामा मुसलमानहरू मदरसामा शिक्षा हासिल गर्दछन् । भारतका केही राज्यहरूमा स्वायत्त मदरसा बोर्डहरू छन् जसले मदरसाहरू सञ्चालन गर्दछन् र तिनलाई नियमन गर्दछन् । सरकारले तिनीहरूलाई आवश्यक कोषको व्यवस्था गरेको हुन्छ । तिनका शैक्षिक प्रमाणपत्रले मान्यता प्राप्त गरेको छ ।

पाकिस्तानमा मदरसाहरू नीजि इन्टरप्राइजेजको रूपमा सञ्चालित छन् । यद्यपि सरकारले तिनीहरूलाई कोष उपलब्ध गराउँदछ । बंग्लादेशमा मदरसाहरू अझ बढी व्यवस्थित छन् । त्यहाँ मदरसाहरू सरकारको नियमित बजेटबाट सञ्चालित छन् । यी मदरसाहरूले इस्लामी शिक्षा मात्र प्रदान गर्दैनन् बरू यिनीहरूले मुस्लिम विद्यार्थीहरूलाई आधारभूत शिक्षा प्रदान गर्ने कार्यमा महत्वपूर्ण भूमिका निर्वाह गर्दछन् । सामान्यत: यी मदरसाहरूको मुख्य विषयहरूमा कुरआन, हदीस, फिका, इस्लामी इतिहास, अरबी र उर्दू जस्ता भाषा विषयहरू पर्दछन् ।

भारतमा मुसलमानको प्रवेशपछि भारतीय उपमहाद्वीपमा मदरसा शिक्षाको बिस्तार भयो । दारूल उलूम देउबन्द, नदवतुल ओलमा, दारूल उलुम मञ्जर इस्लाम बरेली, अल्-जामिया अल्-सलफिया, जामेअतुल फलाह, मदरसा अस्सरफिया मुबारकपुर, मदरसा अहमदिया सलफिया दरभंगा भारतका निकै प्रख्यात मदरसाहरू हुन् ।

Madrasa Education an Observation, Muzib Mehdy, Bangladesh Nari Progati Sangha, September, 2003 को प्रतिवेदन अनुसार छैठौं शताब्दीमा पश्चिमी भारतमा अरबका मुसलमानहरूको आगमन भयो । यो आवागमन पूर्वी भारतमा बाह्रौं-तेह्रौं शताब्दीतिर भयो । नवआगन्तुक मुसलमानहरूको पहल र मुस्लिम जनसंख्यामा बिस्तारले गर्दा पश्चिम भारतका दिल्ली, लखनऊ, रामपुर, आगरा, मदरसाास र ढाका तथा अन्य मुख्य शहरहरूमा मदरसा शिक्षा पनि फष्टाउँदै गयो ।

'तारिख-ए-फेरिश्ता' अनुसार भारतमा पहिलो मदरसा चाहिँ पश्चिमी भारतको मुलतान प्रोभिन्स (हाल पाकिस्तान) मा स्थापना भयो । सम्भवत: छैठौं शताब्दीमा नसिरूद्दीन कबाचाले मौलाना कुतबुद्दीन कसानीका लागि मदरसा फिरोजी भवन बनाएका थिए । यो मदरसा नै भारतीय उपमहाद्वीपमा औपचारिक रूपमा स्थापना भएको पहिलो मदरसा हो भन्ने विश्वास गरिन्छ ।

नेपालमा मदरसा शिक्षा :

नेपालमा मदरसा शिक्षाको इतिहासबारे स्पष्ट कुनै धारणा बनेको छैन । इतिहासकारहरूका अनुसार मुसलमानहरू तेह्रौं शताब्दीमा नेपालका पहाडी जिल्लाहरूमा प्रवेश गरेका थिए । त्यसै समयमा काठमाडौं उपत्यकामा मस्जिदहरूको निर्माण भएको देखिन्छ । मस्जिदहरूमै मुसलमानहरूले आफ्ना बालबालिकाहरूलाई आधारभूत इस्लामी शिक्षा दिन थाले । धर्मगुरूहरूले यी मस्जिदहरूमा धार्मिक शिक्षा प्रदान गर्न शुरूआत गरे । यसरी नै तराई/मधेशमा मुसलमानहरू त्यसभन्दा पहिलेबाट नै बस्दै आएका थिए । स-साना मक्तबहरूको प्रयास तराईमा पहिलेबाट नै भइसकेको थियो । भारतको लखनऊ, रामपुर, ढाकाजस्ता शहरहरूमा मदरसा शिक्षा फस्टाएपछि यसको प्रभाव नेपालको तराईका जिल्लाहरूमा परेको स्वत: अनुमान गर्न सकिन्छ । यसरी के विश्वास गर्न सकिन्छ भने नेपालमा मदरसाहरूको स्थापना मल्लकालमा नै भएको हो ।

राणाकालमा शिक्षामाथि राणाहरूको हस्तक्षेप भएपछि मदरसाहरूलाई पनि यसले गाँजेको थियो । त्यसैले राणा कालपछि चाहिँ मदरसाहरूको संख्यामा ठूलो वृद्धि भएको तराईका पुराना मदरसाहरूको स्थापना कालले प्रष्ट्याउँछ । पञ्चायती कालमा मदरसाहरू नेपालमा सयौंको संख्यामा अस्तित्वमा थिए । २०४६ सालको परिवर्तनपछि मदरसाहरूको संख्यामा झन् वृद्धि भएको यथार्थ हो । २०५२ सालमा सरकारले मदरसा जाँचबुझ कार्यदल बनाएर मदरसाहरूको सर्वेक्षण गर्दा मदरसाहरूको लगभग संख्या स्पष्ट भएको थियो । २०६३ सालमा सरकारले नि:शुल्क मदरसा दर्ताको प्रावधान ल्याएपछि मदरसा र खास गरी साना मदरसा (मक्तब) को संख्यामा झन् ठूलो वृद्धि भएर आयो । हाल सयौंको संख्यामा ठूला मदरसाहरू छन् । सरकारी आँकडा अनुसार ११९७ मदरसाहरू दर्ता भएका छन् । केही मदरसाहरूमा स्नातक तहसम्मको अध्ययन-अध्यापन हुन्छ । केही बालिका मदरसा (बनात) हरू पनि सञ्चालनमा छन् जसमा स्नातक तहसम्मको शिक्षादिक्षा दिइन्छ ।

कपिलवस्तु कृष्णनगरको जामिया सेराजुल उलूम, सुनसरी जल्पापुरको दारूल उलूम नुरूल इस्लाम, सुनसरी भुटहाको जमिअतुल इस्लाह अल् इस्लामिया, रौतहटको राजपुर फरहदवास्थित मदरसा महमुदिया नेपालका ठूला मदरसाहरू हुन् । काठमाडौंको नेपाली जामे मस्जिदकै परिसरमा भएको मदरसा इस्लामिया (स्कुल) नेपालको सर्वाधिक प्राचीन मदरसाहरूमध्ये पर्दछ ।

मौलिक हकको रूपमा शैक्षिक हक :

मानवअधिकारको विश्वव्यापी घोषणापत्र १९४८ को धारा २६ अनुसार प्रत्येक व्यक्तिलाई कमसेकम प्रारम्भिक र आधारभूत तहसम्म नि:शुल्क शिक्षाको अधिकारक छ । विश्वका प्राय: सबै मुलुकहरूमा बिना कुनै भेदभाव सबै बालबालिकाहरूलाई आधारभूत शिक्षा उपलब्ध गराउन विभिन्न प्रयासहरू भएका छन् । Jomtien Conference Declaration, 1990 / Dakar Framework of Action, 2000 ले स्वीकार गरिसकेको र सहस्राब्दी विकास लक्ष्यले समेत जोड दिएको २०१५ सम्ममा सबैका लागि शिक्षाको लक्ष्य नेपालले हासिल गर्ने प्रतिबद्धता जनाएको छ ।

नेपालको अन्तरिम संविधान, २०६३ को धारा २१ मा सामाजिक न्यायको प्रत्याभूतिको कुरा उल्लेख गर्दै भनिएको छ- आर्थिक, सामाजिक वा शैक्षिक दृष्टिले पछि परेका महिला, दलित, आदिवासी जनजाति, मधेशी समुदाय, उत्पीडित वर्ग, गरीब किसान र मजदुरलाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा राज्यको संरचनामा सहभागी हुने अधिकार हुनेछ ।

नेपाल अधिराज्यको संविधान, २०४७ मा समानताको हक, सांस्कृतिक तथा शैक्षिक हक र धार्मिक हक लाई पनि समावेश गरिएको थियो जुन अन्तरिम संविधान २०६३ जारी भएपछि रद्द भएर गयो । यस संविधानले प्राथमिक स्तरसम्मको शिक्षा आफ्नो मातृभाषामा प्राप्त गर्न सकिने कुरालाई मौलिक हकको रूपमा स्वीकार गऱ्यो । यसले समावेशी नीतिलाई अख्तियार गऱ्यो जसले नेपाली भाषालाई मात्र पठनपाठनको भाषाको रूपमा प्राप्त प्रभूत्वको अन्त्य गऱ्यो । यसले सांस्कृतिक हक र अल्पसंख्यकहरूको संरक्षणमा भूमिका निर्वाह गरेको छ ।

नेपाल सरकारले विना कुनै धरौटी मदरसाहरूलाई प्राथमिक स्कुलको रूपमा दर्ता गर्ने प्रतिबद्धता जनाउँदै यसको व्यवस्था गऱ्यो । यसपछि ठूलो संख्यामा मदरसाहरू सरकारकामा दर्ता भए । तर, यो व्यवस्था चुनौतिपूर्ण पनि छ । देशका धेरै मुसलमानहरू, खास गरी मौल्वीहरूले यस प्रयासबारे असन्तुष्टि जाहेर गरेका छन् । उनीहरूको सोचाइ अनुसार सरकारको यस पहलले मदरसाको सांस्कृतिक वातावरण प्रदुषित गर्न सक्दछ । (CERID, 2006)

जन आन्दोलनपछि तयार भएको नेपालको अन्तरिम संविधान, २०६३ मा केही उपधारा थप गरेर सामाजिक समावेशीकरणको मुद्दालाई पनि सम्बोधन गरियो । अन्तरिम संविधानले शिक्षा नीतिको सम्बन्धमा विशिष्ट दिशानिर्देश गऱ्यो । यसले मुस्लिम समाजको शिक्षालाई पनि निर्दिष्ट गर्दछ । अन्तरिम संविधानको शिक्षा तथा संस्कृतिसम्बन्धी अधिकारको धारा १७ मा मातृभाषामा आधारभूत शिक्षा पाउने विषय उल्लेख छ । यसले प्रत्येक नागरिकलाई माध्यामिक तहसम्म नि:शुल्क शिक्षाको समेत प्रत्याभूति गर्दछ । यसले नेपालमा बसोबास गर्ने प्रत्येक जाति, समुदायलाई आफ्नो भाषा, लिपि, संस्कृति र सम्पदाको जगेर्ना र प्रबर्द्धन गर्न सक्ने अधिकारलाई सुनिश्चित गर्दछ ।

शिक्षा ऐन २०२८ को सातौं संशोधनले प्राथमिक कक्षासम्म मातृभाषामा शिक्षादिक्षा दिन सकिने व्यवस्थालाई आदिवासी जनजाति र विभिन्न भाषिक समूहका बालबालिकाहरूको अनुदेशात्मक आवश्यकता सम्बोधन गर्ने सकारात्मक पहलको रूपमा लिन सकिन्छ ।

शिक्षा विभागको अन्तरिम योजना (जुलाई २००७ - जुलाई २०१०) ले पनि अन्तरिम संविधान, २०६३ को निर्देशनलाई आत्मसात गर्दै सीमान्तकृत समूहको सामाजिक समावेशीकरणका लागि नीति तथा कार्यक्रम तयार पारेको थियो । यसले बालबालिकाहरूलाई मातृभाषामा शिक्षा प्रदान गर्न र त्रि-भाषिक नीति अपनाउन सुझाव दियो । यसले गुरूकुल, मदरसा, आश्रम र गोम्पाद्वारा प्रदान गरिने परम्परागत शिक्षालाई मान्यता दिँदै एक प्रणालीको विकास गरी तिनलाई औपचारिक शिक्षाको तहमा समायोजन गर्न समकक्षता प्रदान गर्ने सुझाव दियो ।

प्राथमिक शिक्षा बिगत केही दसकयता शिक्षा मन्त्रालयको प्रमुख चासोको विषय भएको छ । बिगत दुई दसकदेखि अधाारभूत तथा प्राथमिक शिक्षा परियोजना (द्यबकष्अ ७ एचष्बचथ भ्मगअबतष्यल एचयवभअत ( द्यएभ्ए ले उल्लेखनीय प्रगति गरेको छ । यसले नेपालको साक्षरता वृद्धि भएर ५३.७ प्रतिसतसम्म पुगेको २०५८ सालको राष्ट्रिय जनगणनामा देखाइएको छ । यति उल्लेखनीय प्रगति हुँदाहुँदै पनि सामाजिक, आर्थिक र धार्मिक अल्पसंख्यक समुदायका बालबालिकाहरूको एक ठूलो संख्या अझै पनि शैक्षिक रूपमा पछाडि परेका छन् । द्यएभ्ए ले यी समूहहरूलाई औपचारिक शिक्षाको मूलधारमा ल्याउन यिनीहरूलाई विशेष प्राथमिक समूह (क्उभअर्ष्बाँयअगक न्चयगउ ( कँन्) को रूपमा दर्ज गरी उनीहरूका लागि विशेष प्रोत्साहनको कार्यक्रम ल्याएको छ । मुस्लिम बालबालिका यस विशेष प्राथमिक समूहको एक घटक हो ।

राष्ट्रिय जनगणना अनुसार मुस्लिम साक्षरता दर राष्ट्रिय औसत दरको तुलनामा निकै कम रहेको छ ।

मदरसा शिक्षा : इस्लामी शिक्षा

'मदरसा शिक्षा' एक महत्वपूर्ण विषय हो जसलाई राज्य द्वारा दसकौंदेखि राज्यको मूल शैक्षिक प्रवाहबाट अलग गरी राखियो । यसका बावजुद मुस्लिम समुदायले मदरसा शिक्षालाई दसकौंदेखि अस्तित्वमा राख्यो । उनीहरूले विना कुनै आर्थिक लाभ र विना कुनै सरकारी सहयोग सयौं मदरसा चलाए । मदरसाहरूको विषयमा राज्यले न कहिल्यै कुनै चासो राख्यो न यसको व्यवस्थापनलाई कुनै बाधा नै पुऱ्यायोस यसरी मदरसा शिक्षा प्रणाली दसकौंदेखि राज्यविहीन अवस्थामा चलिरह्यो । नेपाल र भारतीय उपमहाद्वीपमा, मदरसा धार्मिक र सांस्कृतिक शिक्षा प्रदान गर्ने मुस्लिम समुदायको सबैभन्दा विश्वसनीय एवम् भरोसायोग्य शैक्षिक संस्थाको रूपमा रहेको छ । नेपालमा मदरसा सयौं वर्षदेखि अस्तित्वमा रहेको छ । यसले परम्परागत शैलीमा मुस्लिम समुदायलाई शिक्षा प्रदान गर्दै आएको छ ।

सामान्यत:, मदरसाले इस्लाम धर्मसँग सम्बन्धित धार्मिक शिक्षा (दीनी तालीम) भनेर चिनिने धार्मिक, सांस्कृतिक र नैतिक शिक्षा प्रदान गर्दछ । इस्लामी शिक्षाको परम्परा कुरआन पढाइ र पाठ (तिलावत) बाट शुरू भयो । इस्लाम धर्मको प्रारम्भिक दिनहरूमा अल्लाहका अन्तिम दूत मुहम्मद (सल्ल.) स्वयंले आफ्ना अनुयायीहरूलाई ईश्वरीय प्रकाशना (श्लोक) हरूको व्याख्या गरी शिक्षा दिनुहुन्थ्यो । यी ईश्वरीय प्रकाशना अवतरण हुने काम पूरा भएपछि यी प्रकाशना (श्लोक) हरूको संकलनको रूपमा कुरआन अस्तित्वमा आयो र यही ग्रन्थ इस्लामी शिक्षा (दीनी तालीम) को केन्द्र बन्यो ।

इस्लामी शिक्षा आध्यात्मिक ज्ञानको प्रचार गर्नुसम्म मात्र सीमित छैन । मानव हितमा प्रयोग हुने सबै खाले ज्ञान यसको दायरामा रहेको छ । इस्लामी शिक्षा प्रणालीमा खास उद्देश्य, पाठ्यक्रम संरचना र इस्लामी ज्ञानको प्रसारका लागि शैक्षिक ज्ञानको एक श्रृंखला समाहित भएको हुन्छ । *समाप्त*

## प्रहरी प्रवक्तामा सुवेदी



काठमाडौं । नेपाल प्रहरीद्वारा सम्पादित जनसरोकारका काम कारवाहीलाई यथार्थ तथा तथ्यगत रूपमा सञ्चार माध्यमहरूमा सम्प्रेषण गर्नका लागि प्रहरी प्रधान कार्यालय प्रहरी महानिरीक्षकको सचिवालयका प्रहरी बरिष्ठ उपरीक्षक उत्तम राज सुवेदीलाई नेपाल प्रहरीको केन्द्रीय प्रहरी प्रवक्ता र सूचना अधिकारी तोकिएको छ । केन्द्रीय प्रहरी प्रवक्ता र सूचना अधिकारी प्रहरी बरिष्ठ उपरीक्षक सुवेदीलाई मोबाइल नम्बर ९८५१२९२१११ मा सम्पर्क गर्न सकिने छ ।

## गुजरा खुल्ला दिशामुक्त

रौतहट । रौतहटको गुजरा नगरपालिका ९औं खुल्ला दिशामुक्त नगरपालिका घोषणा गरिएको छ । सबैको घरमा शौचालय निर्माण भई प्रयोगमा आइसकेकोले बुधबार एक कार्यक्रमबिच जिल्ला समन्वय समिति रौतहटका अध्यक्ष राम एकवाल राय यादवले खुल्ला दिशा मुक्त नगरपालिका घोषणा गरेका हुन् । अभियान नेपालको सक्रियतामा शौचालय निर्माणको कार्य सञ्चालन गरिएको थियो । स्वच्छ रौतहट बनाउनका लागि सञ्चालन गरिएको अभियानअन्तर्गत १८ स्थानीय तहमध्ये ९ वटा स्थानीय तह खुल्ला दिशामुक्त घोषणा भई सकेको छ ।

## "जनमतको दुरूपयोग गरे विध्वंश हुन्छ"

राकेश यादव, रौतहट । प्रदेश २ का भूमि व्यवस्था, कृषि तथा सहकारी राज्यमन्त्री योगेन्द्र राय यादवले जनभावना विपरीत कार्य गरेमा ठूलो दुर्घटना हुन सक्ने बताएका छन् । राजदेवी नगरपालिकाको दोस्रो नगरपरिषद्को उद्घाटन सत्रमा सम्बोधन गर्दै राज्यमन्त्री यादवले जनमतको सम्मान गर्नुपर्ने सुझाव दिँदै बहुमतको दुरूपयोग गरे विकासको साटो विध्वंश हुने बताए । जनताले दिएको मत र जनताको चाहनाअनुसार कार्य गर्न नगरपालिकाका निर्वाचित पदाधिकारीहरूलाई सल्लाह दिँदै दोस्रो नगर परिषद्बाट पारित हुने बजेट पारदर्शी रूपमा कार्यान्वयन गर्न जोड़ दिए । उनले भने, 'स्थानीय सरकारको नेतृत्व गरिरहेका जनप्रतिनिधिहरूले बहुमतको धाक देखाउनु हुदैन कार्य गर्नु पर्छ ।'



राज्यमन्त्री योगेन्द्र राय यादव

## मधेश अपडेट

### प्रधानन्यायाधीशको असन्तुष्टी

चन्द्रकान्त खनाल, रूपन्देही । प्रधानन्यायधिश ओमप्रकाश मिश्रले अदालतले गरेका आदेशहरू सरकारले कार्यान्वयन नगरेको बताए । गृह जिल्ला रूपन्देही आएका मिश्रले अदालतले गरेको फैसलाहरू २० प्रतिशत कार्यन्यन नगरेको बताए । उनी सरकारको कामप्रति असन्तुष्टि ब्यबक्त गरेका छन् । हामीले जति पनि फैसला/आदेश जारी गरेका छौं, त्यसको २० प्रतिशत पनि सरकारले कार्यान्वयन गरेको छैन मिश्रले भने। न्यायको अनुभुति दिलाउनका लागि सरकारले अदालतको आदेशहरूलाई कार्यान्यवन गर्नुपर्नेमा उनको भनाई थियो । उनले फेवाताल भित्रको जग्गा पनि व्यक्तिको नाममा दर्ता भएकोले दर्ता बदर गर्न अदालतले फैसला गरेपनि अहिलेसम्म सरकारले त्यसलाई कार्यान्वयन नगरेको गुनासो गरे । सामाजिक उत्तरदायित्व अर्न्तगत जनस्वास्थ्यसगँ खेलवाड लगायत अन्य विषयमा अदालतमा मुद्दा आएमा समाजको हितमा फैसला सुनाइने उनको थियो ।

### "डिसेम्बरदेखि जनकपुर-जयनगर रेल"

जनकपुरधाम । भौतिक पूर्वाधार तथा यातायातमन्त्री रघुविर महासेठले आगामी डिसेम्बरदेखि जयनगरदेखि जनकपुरसम्म रेल सेवा नियमित रूपमा सञ्चालन हुने बताएका छन् । उनले आगामी चार वर्षभित्र पूर्व-पश्चिम रेल सञ्चालन हुने पनि बताए । उनले मधेशको विकास नभएसम्म समग्र देशको विकास सम्भव नरहेको बताएका छन् । जनकपुरधाम उपमहानगरपालिका-१४ स्थित रजौलमा आयोजित शुभकामना आदानप्रदान कार्यक्रममा उनले भने, मधेशको विकासका लागि सरकारले थुप्रै बजेट ल्याएको छ । मन्त्री महासेठले चार वर्षभित्र मधेशका सम्पूर्ण गल्ली गल्लीका सडकलाई मुख्य सडकसम्म जोड्ने र गाउँ गाउँलाई सदरमुकामसँग जोड्ने प्रतिवद्धता व्यक्त गरे । हुलाकी सडक निमार्णको कार्य पनि अन्तिम चरणमा पुगेको उल्लेख गर्दै उनले प्रधानमन्त्री केपी शर्मा ओलीले पानी जहाज चलाउने जनतासँग गरेको प्रतिबद्धता पनि आगामी एक वर्षभित्र पूरा हुने धारणा व्यक्त गरे ।

### भारतीय सैनिक छनोटका लागि तयारी

दिनेश ठाकुर, नेपालगञ्ज । नेपालगन्जमा विगतझैं यसवर्ष पनि भारतीय सैनिक छनोटको तयारी गरिएको छ । आगामी कार्तिक ११ गतेदेखि १० दिनसम्म नेपालगन्जस्थित मध्यपश्चिम क्षेत्रीय प्रहरी तालिम केन्द्रमा छनोट कार्य गरिने भएको हो । भारतीय सैनिकमा भर्ती हुन साढे १७ वर्ष पूरा गरी २१ वर्ष ननाघेको युवाले आवेदन दिन सक्ने बताइएको छ । नेपाल भूतपुर्व सैनिक विकास समिति बाँकेले मंगलबार नेपालगन्जमा आयोजना गरेको पत्रकार भेटघाटमा यस्तो जानकारी दिइएको हो । समितिका अध्यक्ष भिम रानाले भारतीय सैनिकमा भर्ती हुन योग्य नेपाली नागरिकले छनोट कार्य अवधिभित्र सिधैं सम्पर्क राख्न सक्ने बताए । आवेदन दर्ता गर्दा एसईई उर्तीण प्रमाणपत्र, नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी तथा फोटो बुझाउनुपर्ने उनले जानकारी दिए । नेपालगन्जका लागि बाँकेसहित यसक्षेत्रका पहाडी जिल्लाबाट समेत युवाहरू आउन सक्ने अध्यक्ष रानाले बताए । 'दौड, शारिरीक ब्यायाम तथा लिखित परिक्षा समेत नेपालगन्जमै सम्पन्न हुनेछ,' उनले भने 'भारतीय सैनिकमा भर्ना हुन योग्य उम्मेदवारले एक रूपैयाँ पनि शुल्क तिर्नुपर्दैन ।' नेपालगन्ज, पोखरा लगायत देशका विभिन्न ठाउँबाट भारतीय सैनिकका लागि भर्ना गर्ने गरिएको छ । बार्षिक रूपमा देशभरबाट २ हजार २ सय जना जति नेपाली युवा भारतीय सैनिकमा भर्ना हुने गरेको नेपाल भूतपुर्व सैनिक विकास समितिले जनाएको छ । भारतीय सैनिकमा भर्ती हुनका लागि विभिन्न जिल्लाबाट युवाहरू आएर नेपालगन्जमा तालिम समेत लिइरहेका छन् । नेपाल र भारतबीच भएको सुगौली सन्धीयता नेपाली युवालाई भारतले सैनिकमा भर्ती लिन थालेको बताइन्छ ।

### पूर्वसभासदसहित दुई वडा अध्यक्ष कुटिए

राकेश यादव, रौतहट । रौतहट जिल्लाको राजदेवी नगरपालिकामा दोस्रो नगर सभा हुनु अगावै सोमबार कुटाकूट भएको छ । गत आर्थिक वर्ष २०७४।२०७५ को आय व्ययको जानकारी लिन गएका स्थानीय नगर स्तरीय नेकपा कार्यकर्ताहरूलाई निर्वाचित वडा अध्यक्षले अपशव्द प्रयोग गरे पछि शुरू भएको सामान्य विबाद उग्र रूप लिएपछि कुटाकूट भएको हो । आक्रोशित नगरवासीहरूले स्थानीय वड़ा नंबर ४ का वड़ा अध्यक्ष भाग्य नारायण साह, वड़ा नंबर ८ का अध्यक्ष शंकर यादव, कार्यपालिका सदस्य जयमंगल दासलाइ हातपात गरेका हुन । डेलिगेशन लिएर गएका नेकपाका नेता राजकिशोर प्रसाद यादव, भिखारी प्रसाद यादवले नगरप्रमुख धीरेन्द्र कुमार सिंहसित गत आर्थिक वर्षमा भएको विभिन्न शीर्षकका खर्च बारेमा प्रश्न गरेका थिए । सयौंको संख्यामा रहेका समूहको नेतृत्व गर्दै राखेका जिज्ञासाको मेयर सिंहले सम्बोधन गर्दै गरेको अवस्थामा ३४ लाखको लागतमा जडान गरिएको पोल बती खराब रहेको एक जनाले सोधे पछि वडा नंबर ४ का अध्यक्ष साह र सदस्य दासले दमन गर्ने उद्देश्यले अपशब्द प्रयोग गरेपछि स्थानीयहरू आक्रोशित भएपछि झडप भएको प्रत्यक्षदर्शीहरूले बताएका छन् ।

### बाल्मिकी मन्दिरलाई सहयोग

नेपालगञ्ज । अघिल्लो महिनाको तलबभत्ता नेपालगञ्जस्थित ब्रहाकुमारी इश्वरीय बिश्व विद्यालय राजयोग प्रशिक्षण केन्द्रलाई सहयोग गरेका नेपालगञ्ज उपमहानगरपालिकाका मेयर डा. धवलशम्शेर राणाले बुधबार बाल्मीकी मन्दिरलाई सहयोग गरेका छन् । मेयर राणाले एक महिनाको तलब र भत्ता गरि ५० हजार रूपिया महर्षि बाल्मीकी जयन्तीका अध्यक्ष रामचन्द्र बाल्मीकीलाई हस्तान्तरण गरे । सो अवसरमा मेयर राणाले राजनीति गर्दा सम्म सरकारको तलबभत्ता नलिने बताए । आप्नी पत्नी प्रतिमा राणा, राप्रपाका युवा नेता ऋषिराज देवकोटा लगायत सहभागी कार्यक्रममा मेयर राणाले आफुले घुस नलिने र कसैलाई लिन पनि नदिने बताए ।

### आन्दोलन गर्ने उखु किसानको चेतावनी

सर्लाही । सर्लाही जिल्लाका उखु किसानले भुक्तानीको माग गर्दै जिल्ला प्रशासन कार्यालय सर्लाहीमा ज्ञापन पत्र बुझाएको छ । मंगलबार राष्ट्रिय जनता पार्टी नेपालका सहमहामन्त्री राकेश मिश्रसहित पीडित उखु किसानहरूले प्रमुख जिल्ला अधिकारीलाई ज्ञापनपत्र बुझाएका हुन् । सर्लाहीको धनकौलस्थित अन्नपूर्ण सुगर मिलले विगत तीन आर्थिक वर्षदेखि हालसम्म उखु किसानसँग उखु खरिद गरेको तर भुक्तानी दिएको छैन । यससम्बन्धमा ताकेता गरिएपनि आश्वासन मात्र पाउँदै आएको उखु किसानहरूको गुनासो छ । एक हप्ताभित्र उखु किसानको भुक्तानी राज्यले गराउन सकेन भने घनघोर आन्दोलन गर्ने चेतावनी दिएको छ । आन्दोलनबाट हुने क्षतिको सम्पूर्ण जिम्मेवारी राज्यले लिनुपर्ने चेतावनीसमेत किसानहरूले ज्ञापनपत्रमार्फत् दिएका छन् ।

### दोषीलाई कारबाही हुनुपर्ने माग

कपिलवस्तु । कपिलवस्तुको कृष्णनगर नगरपालिका कृष्णनगरमा शुक्रबार राति माँ दुर्गाको मूर्ति बिसर्जनको कार्यक्रम थियो । मूर्ति बिसर्जनको लागि पुरानो थाना रोडबाट कृष्णनगर नगरपालिका वडा नं. २ मदिना मस्जिद अगाडि हुँदै पुरै बाजारभित्र परिक्रमा गरी शिवानगर पोखरीमा बिसर्जन गर्ने तैयारीमा आयोजकहरू थिए । तर मदिना मस्जिद अगाडि मुर्ति लिएर आएपछि केही असामाजिक व्यक्तित्वहरूले बिसर्जनको क्रममा मस्जिद माथि ढुंगा मुढा गरेका थिए । युगौंदेखि धार्मिक सहिष्णुता रहेको.कृष्णनगरमा आपसी एकता, अमन चैन बिगार्ने प्रयास उनीहरूले गरेका थिए । यसरी सदियौंदेखि चलिरहेको हिन्दू र मुस्लिम बीचको भाईचाराको सम्बन्ध केही छिनमा बिगारी दिएका थिए । तर समाजका केही भलाद्मी, सभ्य र बुद्धजीबिहरूको अथक प्रयासले आइतबार साझ ४ बजेदेखि प्रसाशनको अगुवाईमा मूर्ति बिसर्जन कार्यक्रम सम्पन्न भएको थियो । यस प्रकारको उपद्रकारी, गलत असहिष्णुकारी घटना भएकोले यस घटनामा के-कस्ता व्यक्तित्वहरूको संलग्ता थियो त्यसको बारेमा छानबिन गरी दोषीलाई कानुनको दायरामा ल्याई कडा भन्दा कडा कार्यवाही गर्नुपर्छ भनि संघीय समाजवादी फोरम नेपाल प्रदेश ५ का प्रवक्ता, समाजसेवी तथा युवा नेता अकरम पठानले सरकारसँग जोडदार माग गरेका छन् । शान्ति व्यवस्था कायम गरेकोमा व्यापारी, आम जनमानस, कृष्णानगर बुद्धिजीवी समाज लगायत प्रहरी, प्रशासनलाई धन्यवाद पनि दिएका छन् ।

### विकासमा चासो राख्न माग

मोरङ । मोरङ निर्वाचन क्षेत्र नं ३ बाट निर्वाचित कानून, न्याय तथा संसदीय मामिलामन्त्री भानुभक्त ढकालसँग बेलबारी नगरपालिकाका बासिन्दाले नगरको समग्र विकासमा चासो राख्न माग गरेका छन् । मन्त्री ढकाललाई आज बेलबारीको दुई स्थानमा भएका कार्यक्रममा स्थानीयवासीले भेटेर विकासका आयोजनामा सघाउन आग्रह गरेका हुन् । स्थानीयवासीले बाहुनीको पेट्रोलखानी उत्खनन, सिमसार क्षेत्र प्रवर्द्धन, चिसाङ खोला तटबन्ध, वृद्धभत्ताको रकमवृद्धि, बसोबासको समस्या समाधान, सडक तथा पुल निर्माणलगायतका माग राखेको नेकपाका युवा नेता रवीन थापाले जानकारी दिए ।

राष्ट्रिय साप्ताहिक मधेशवाणी



# तराई-मधेश समृद्धि कार्यक्रम

अशोक घिमिरे/शर्मिला पाठक

काठमाडौं, ६ कार्तिक । सरकारले मानव विकास सूचकाङ्कमा तुलनात्मक रूपमा पछि परेका तराई-मधेशका स्थानीय तहमा भौतिक पूर्वाधारलगायत विकासका कार्यक्रमलाई एकीकृत रूपमा सञ्चालन गर्न तराई-मधेश समृद्धि कार्यक्रम लागू गरेको छ ।

तराई-मधेशमा बसोवास गर्ने जनताको सघन रूपमा आर्थिक तथा सामाजिक रूपान्तरण गर्न एवं जनताको सार्वजनिक सेवामा पहुँच अभिवृद्धि तथा जीवनस्तरमा सुधार ल्याउने उद्देश्यले कार्यक्रम लागू गरिएको तराई-मधेश समृद्धि कार्यक्रमका संयोजक रामहरि शर्माले जानकारी दिए ।

कार्यक्रमलाई प्रभावकारीरूपमा सञ्चालन गर्न सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले तराई-मधेश समृद्धि कार्यक्रम सञ्चालन कार्यविधि २०७५ जारी गरिसकेको छ । गत असोज १५ गतेको मन्त्रीस्तरीय निर्णयबाट कार्यविधि स्वीकृत भइसकेको मन्त्रालयले जनाएको छ ।

कार्यविधिअनुसारका कार्यक्रम तत्काल कार्यान्वयन प्रक्रिया शुरू गरिने कार्यक्रम संयोजक शर्माले जानकारी दिए । मन्त्रालयले कार्यक्रम सञ्चालन हुने जिल्लाका स्थानीय तहलाई कार्यविधिको क्षेत्राधिकारभित्र रही कार्यक्रम सञ्चालनको क्षेत्रभित्रका आयोजना तथा कार्यक्रम माग तथा सिफारिशका लागि अनुरोध समेत गरिसकेको छ ।

कार्यक्रम सञ्चालनका लागि रू दुई अर्ब तीन करोड बजेट छुट्टयाइएको छ । सरकारले आव २०७५/७६ को बजेट वक्तव्यमा तराई-मधेश सडक पूर्वाधार विशेष कार्यक्रम सञ्चालन गर्न रू तीन अर्ब ५३ करोड बजेट विनियोजन गरेको थियो ।

मानव विकासको सूचकाङ्क, न्यून तथा गरीबीको समग्र दर र गहनता उच्च रहेका तराई-मधेशका २१ जिल्लाका २७६ स्थानीय तहका दुई हजार ६७१ वडामा कार्यक्रम लागू हुने उनले बताए । प्रदेश नं १ को झापा, मोरङ र सुनसरी, प्रदेश नं २ को सप्तरी, सिरहा, धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा र पर्साका स्थानीय तहमा कार्यक्रम सञ्चालन गरिनेछ ।

प्रदेश नं ३ को चितवन, गण्डकी प्रदेशको नवलपरासी (बर्दघाट सुस्ता पूर्व), प्रदेश नं ५ को नवलपरासी (बर्दघाट सुस्ता पश्चिम), रूपन्देही, कपिलवस्तु, दाङ, बाँके र बर्दिया तथा सुदूरपश्चिम प्रदेशको कैलाली र कञ्चनपुरका स्थानीय तहमा समृद्धि कार्यक्रम सञ्चालन हुनेछन् ।

झापाका १५, मोरङका १७, सुनसरीका १२, सप्तरीका १८, सिरहाका १७, धनुषाका १८, महोत्तरीका १५, सर्लाहीका २०, रौतहटका १८, बाराका १६ र पर्सा १४ स्थानीय तहमा कार्यक्रम सञ्चालन हुनेछन् । चितवनका सात, नवलपरासीका (बर्दघाट सुस्ता पूर्व) आठ, नवलपरासीका (बर्दघाट सुस्ता पश्चिम) सात, रूपन्देहीका १६, कपिलवस्तु र दाङका १०/१०, बाँके र बर्दियाका आठ/आठ, कैलालीका १३ र कञ्चनपुरका नौ स्थानीय तहमा कार्यक्रम सञ्चालन गरिने मन्त्रालयले जनाएको छ ।

तराई-मधेशका आर्थिक तथा सामाजिक रूपले पछाडि परेका वर्ग, समुदाय र भौगोलिक क्षेत्रको पहिचान, कार्यक्रम सञ्चालन हुने भौगोलिक क्षेत्रको किटान,आयोजना तर्जुमा र प्राथमिककीकरणलाई सुनिश्चित गर्ने कार्यविधिको उद्देश्य रहेको छ ।

उपलब्ध स्रोतबाट अधिकतम् लाभ हासिल गरी सार्वजनिक सेवामा जनताको पहुँच अभिवृद्धि गर्ने, पहिचान भएका वर्ग, समुदाय र क्षेत्रका जनताको जीवनस्तरमा सुधार ल्याई गरीबी न्यूनीकरणमा प्रत्यक्ष टेवा पुऱ्याउने कार्यक्रम सञ्चालन गर्ने र ती कार्यक्रम कार्यान्वयनमा तादाम्यता तथा एकरूपता ल्याउनेछ ।



कार्यक्रम लागू भएका स्थानीय तहको स्वीकृत आयोजना कार्यान्वयनका लागि माग, आवश्यकता र औचित्यताको आधारमा न्यूनतम् ५० लाख तथा सोभन्दा बढी लागतका आयोजना कार्यक्रमका लागि समेत थप अनुदान उपलब्ध गराइने छ । रू २५ लाखभन्दा लागतका आयोजनाका लागि अनुदान उपलब्ध हुनेछैन ।

कुनै स्थानीय तहमा विशेष प्रकृतिको आयोजना सञ्चालन गर्नुपर्ने भएमा सम्बन्धित स्थानीय तहको जनसङ्ख्या, क्षेत्रफल, मानव विकास सूचकाङ्क, मानव गरीबी सूचकाङ्क तथा आर्थिक तथा सामाजिक रूपले पछि परेका वर्ग र समुदायको आवश्यकतालाई आधार मानी बजेटको आकार वृद्धि गर्न सक्नेछ । आवश्यकताअनुसार ती कार्यक्रम बहुवर्षीय आयोजनाका रूपमा पनि सञ्चानल हुन सक्नेछन् ।

तराई-मधेश समृद्धि कार्यक्रमको ९० र स्थानीय तहको १० प्रतिशत लागत सहभागितामा आयोजना सञ्चालन गरिने छ । बढी लागत साझेदारी गर्ने स्थानीय तहले माग गरेका आयोजनालाई विशेष प्राथमिकता दिइनेछ ।

उपभोक्ता समितिबाट सञ्चालन गरिने आयोजनाको हकमा स्वीकृत बजेटको कम्तीमा १० प्रतिशत उपभोक्ता समितिबाट लागत सहभागिता व्यहोर्नुपर्ने व्यवस्था गरिएको छ । कार्यक्रम कार्यान्वयनका लागि सङ्घीय मामिला मन्त्रालयले सम्बन्धित स्थानीय तहलाई अनुदान उपलब्ध गराउने छ ।

भौतिक पूर्वाधार, विकास निर्माणमार्फत सार्वजनिक सेवामा जनताको पहुँच अभिवृद्धि तथा आर्थिक, सामाजिकरूपले पछाडि परेका वर्ग र समुदायको जीवनस्तरमा सुधार गर्न अनुदान उपलब्ध गराइने कार्यविधिले व्यवस्था गरेको छ । सामूहिक आवास भवन, सामुदायिक पूर्वाधार, सडक, कृषि विकास, खानेपानी तथा सरसफाइ, सिँचाइ तथा नदी नियन्त्रण, ऊर्जा र विपद् न्यूनीकरण पूर्वाधार निर्माण गर्न अनुदान उपलब्ध गराइने छ ।

कार्यक्रमअन्तर्गत सार्वजनिक जग्गामा सामूहिक आवास भवन निर्माण गर्न सकिने छ । त्यस्ता भवनहरू स्थानीय तहले निर्धारण गरेबमोजिम अति विपन्न परिवारलाई आवासका रूपमा न्यूनतम भाडामा वा निश्चित अवधि तोकी निःशुल्क उपलब्ध गराउनुपर्ने छ । कार्यक्रममार्फत सामुदायिक भवन, विद्यालय भवन, प्रसूति सेवा केन्द्र, स्वास्थ्य चौकी र बाल विकास केन्द्रलगायत भवन निर्माण गर्न सकिनेछ ।

त्यसैगरी वडा केन्द्रलाई स्थानीय तहको केन्द्रसँग जोड्ने, दुई वा दुई भन्दा बढी वडा केन्द्र जोड्ने, स्थानीय तहभित्रका बस्ती, विद्यालय, स्वास्थ्य चौकी र स्थानीय बजारलाई जोड्ने तथा तराई-मधेशका टोल बस्तीलाई हुलाकी मार्ग वा अन्य राजमार्गसँग जोड्ने सडक निर्माण गर्न अनुदान उपलब्ध गराइने छ । सडकको नयाँ ट्र्याक खोल्न, माटोजन्य कार्य वा ग्राभेलका लागि कार्यक्रमको बजेट खर्च गर्न पाइने छैन ।

खाद्य तथा फलफूल प्रशोधन, जैविक कृषि व्यवसाय, कृषि उपजको सङ्कलन तथा बिक्री केन्द्र, हाटबजार निर्माण, डेरी उद्यम सञ्चालन र व्यवस्थापन, धारा, पोखरी, इनार, ट्यूबेल जडान, ढल, सार्वजनिक शौचालय तथा ट्याङ्की निर्माण, पाइपलाइन जडानका कार्यक्रम सञ्चालन गर्न सकिने छ ।

स्थानीय तहले आवश्यकता पहिचान गरी यस कार्यविधिको बजेट सीमाभित्र रही प्रस्तावित आयोजना केन्द्रमा माग एवं सिफारिश गर्नुपर्ने कार्यक्रम संयोजक शर्माले जानकारी दिनुभयो । निर्वाचित जनप्रतिनिधिसमेतको भावनाको प्रतिनिधित्व हुने गरी आवश्यक राय, सुझाव तथा सल्लाहका आधारमा स्थानीय तहबाट माग एवं सिफारिश भई आएका कार्यक्रमलाई आवश्यकताअनुसार केन्द्रीय निर्देशन समितिले स्वीकृत गर्ने उहाँले बताउनुभयो ।

सञ्चालित कार्यक्रमको प्रभावकारी रूपमा कार्यान्वयन र आवश्यक समन्वयका लागि सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका सचिवको संयोजकत्वमा पाँच सदस्यीय केन्द्रीय निर्देशन समिति गठन गरिनेछ ।

समितिको सदस्यमा अर्थ मन्त्रालयका सहसचिव, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका सहसचिव र स्थानीय पूर्वाधार विभागका महानिर्देशक रहनेछन् भने कार्यक्रमका निर्देशक समितिको सदस्यसचिव हुने व्यवस्था कार्यविधिले गरेको छ ।

त्यस्तै स्थानीय तहबाट माग एवं सिफारिश भई आएका आयोजना छनोटका लागिसमेत सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका सहसचिव (योजना तथा वैदेशिक समन्वय महाशखाका)को संयोजकत्वमा चार सदस्यीय आयोजना छनोट समितिले समेत गठन गरिनेछ ।

> **मानव विकासको सूचकाङ्क, न्यून तथा गरीबीको समग्र दर र गहनता उच्च रहेका तराई-मधेशका २१ जिल्लाका २७६ स्थानीय तहका दुई हजार ६७१ वडामा कार्यक्रम लागू हुने ।**

# ‘शिक्षित बेटी, बालिग पुतोह : स्वच्छ र समुन्नत गाउँपालिका’

सर्लाही । "शिक्षित बेटी (छोरी), बालिग पुतोह (बुहारी) स्वच्छ र समुन्नत" गाउँपालिका भन्ने मूल नाराका साथ सर्लाहीको चन्द्रनगर गाउँपालिकाले आर्थिक वर्ष २०७५/०७६ बाट जन्म भएका सबै बालिकाको नाममा मुद्धती खाता खोली २७ हजार जम्मा गर्ने भएको छ ।



साउन १ गते देखि जन्म भएका बालिकाको नाममा गाउँपालिकाले २० हजार, अभिभावकले ५ र खाता खोलिने नेपाल बंगलादेश बैंक लिमिटेडले २ हजार गरि २७ हजारको मुद्धति खाता खोलिने गाउँपालिकाले जनाएको छ । आइतबार चन्द्रनगर गाउँपालिका २ बबरगंजमा आयोजना गरिएको उद्धघाटन कार्यक्रममा गाउँपालिका अध्यक्ष महेन्द्र महतो र नेपाल बंगलादेश बैंकका प्रमुख कार्यकारी अधिकृत ज्ञानेन्द्र प्रसाद ढुङ्गनाले सम्झौता पत्रमा संयुक्तरूपमा हस्ताक्षर गरेका छन् ।

२० वर्षपछि पैसा लिनका लागि बालिकाको अभिभावकले निजी जग्गा वा गाउँपालिकाले तोकेको सार्वजनिक जग्गामा ३५ दिन भित्र जन्मदर्ता बनाई ५ वटा बिरूवा रोप्नु पर्ने र विद्यालय शिक्षा पुरा नगरी २० वर्ष भन्दा कम उमेरमा बिहे गरेमा खातामा जम्मा भएको रकम नपाउने सम्झौता पत्रमा उल्लेख गरिएको छ ।

छोरीलाई शिक्षित, बालिग उमेरमा बिबाह र गाउँपालिकालाई हराभरा बनाउनका लागि यस्तो अभियान गाउँपालिकाले ल्याएको गाउँपालिकाका कार्यकारी अधिकृत टेक प्रसाद भट्टराईले बताएका छन् । जम्मा भएको रकममा बैंकले ८ प्रतिशत ब्याज दिने पनि सम्झौता पत्रमा उल्लेख गरिएको छ ।

गाउँघरमा छोरीलाई नपढाउने र कम उमेरमा बिहे गर्ने परम्परालाई तोड्नका लागि यस्तो नीति गाउँपालिकाले लागु गरेको अध्यक्ष महेन्द्र महतोले बताए । ‘अहिले बालिकाहरूलाई कम पढाई कमै उमेरमा बिहेबारी हुने परम्पराले हाम्रो समाज पछाडी परेको छ’, महतोले भने, ‘छोरालाई राम्रो विद्यालयमा पढाउने र छोरीलाई घरमा काम लगाउने संस्कार बढ्दो रूपमा मधेशको ग्रमिण क्षेत्रमा छ ।’

उद्धघाटन कार्यक्रममा प्रमुख अतिथि राजपा अध्यक्ष मण्डलका सदस्य राजेन्द्र महतो, विशिष्ठ अतिथिमा प्रदेश नं. २ का भौतिक पूर्वाधार बिकाश मन्त्री जितेन्द्र सोनल, उधोग, बन, पर्यटन तथा वातावरण मन्त्री रामनरेश राय, सामाजिक बिकाश मन्त्री नवलकिशोर साह, सामाजिक बिकाश राज्य मन्त्री अभिराम शर्मा, यसै क्षेत्रका प्रदेश सभा सदस्य उपेन्द्र महतो, सप्तरीका प्रदेश सभा सदस्य बिक्की यादव र सर्लाहीकै प्रदेश सभा सदस्य गौरी नारायण साह लगायतको उपस्थिति रहेको थियो ।

कार्यक्रममा वक्ताहरूले चन्द्रनगर गाउँपालिकाले उदाहरणीय कार्य गरेको र यसको अनुकरण अन्य गाउँरनगर पालिकाले पनि गर्नु पर्ने बिचार राखेका थिए । यस अभियानमा लाग्ने रूखको बिरूवा बन कार्यालयले निस्शुल्क उपलब्ध गराउने उद्योग, वन, पर्यटन तथा वातावरण मन्त्री रामनरेश रायले घोषणा गरे । त्यस्तै विपन्न वर्गले तिर्न नसक्ने रू ५००० सामाजिक विकास मन्त्रलयले तिर्ने खेषणा सामाजिक बिकाश मन्त्री नवलकिशोर साहले गरे ।

## संक्षिप्त समाचार

### विपद् व्यवस्थापक विधेयक प्रमाणीकरण

जनकपुरधाम । प्रदेश नं. २ मा शुक्रबार एउटा विधेयक प्रमाणीकरण गरिएको छ । प्रदेश नं. २ को विपद व्यवस्थापन विधेयक, २०७५ लाई प्रदेश प्रमुख रत्नेश्वरलाल कायस्थले शुक्रबार प्रमाणीकरण गरेका छन् । प्रमुख कायस्थले यसअघि असोज २४ गते आकस्मिक कोष विधेयक २०७५, असोज २५ गते मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार तथा सेवाका अन्य शर्त सम्बन्धी विधेयक, २०७५ प्रमाणिकरण गरेका हुन् । अहिलेसम्म प्रदेश नं. २ मा कुल १३ वटा विधेयकहरू प्रमाणीकरण भइसकेका छन । यसरी प्रदेश प्रमुखबाट प्रमाणीकरण भएका विधेयकहरू ऐन बन्दछ ।

### सरकार गम्भीर बन्नुपर्छ : उपसभापति निधि

विराटनगर । नेपाली कांग्रेसका उपसभापति विमलेन्द्र निधिले वर्तमान सरकार दुई तिहाइ बहुमतको भएकाले यसलाई निरर्थक हुन नदिन सरकार गम्भीर बन्नुपर्ने बताएका छन् । विराटनगर विमानस्थलमा सोमबार सञ्चारकर्मीसँग कुरा गर्दै उनले सरकारलाई जनताका पक्षमा तल्लीन भएर काम गर्न सुझाव दिए । उनले कांग्रेसको विधाननुसार नै महासमितिको बैठक बस्ने तयारी भइरहेको र बैठकले विधान संशोधन गरेर भावी राजनीति रणनीति तय गर्ने बताए । उनले भने, ‘नेपाली कांग्रेस पार्टीमा कुनै पनि गुट उपगुट छैन ।’

### निषेधाज्ञा हटाइयो, जनजीवन सामान्य

कपिलवस्तु । कृष्णनगरमा लगाइएको निषेधाज्ञा पूर्ण रूपमा हटाइएको छ । स्थानीयवासी युवाबीच विवाद बढेपछि जिल्ला प्रशासन कार्यालयले आइतबार साँझ ५ बजेदेखि पटक पटक लगाउँदै निषेधाज्ञा लगाउँदै आएको थियो । कृष्णनगर बजार क्षेत्रमा शुक्रबार दुर्गाको मूर्ति विसर्जन गर्ने क्रममा विवाद भएको थियो । आइतबार कडा सुरक्षाका बीच दुर्गा पूजाको मूर्ति विसर्जन गरिएको थियो । निषेधाज्ञा हटेपछि भारतीय सीमावर्ती कृष्णनगरको जनजीवन सामान्य बन्दै गएको छ ।

### समाजवादी दलित फोरम गठन

रौतहट । संघीय समाजवादी फोरम नेपाल जिल्ला कार्य समिति रौतहटको आयोजनामा दलितहरूको जिल्ला भेला सदरमुकाम गौरमा सम्पन्न भएको छ । पार्टीको केन्द्रीय महाधिवेशनको तयारीका लागि भातृ संगठनको विधिवत स्थापित गर्ने उद्देश्यले भेला बोलाइएको थियो । राष्ट्रिय सभा सदस्य रामप्रीत पासवानको प्रमुख आतिथ्यमा भएको जिल्ला भेलाबाट रामप्रवेश बैठाको संयोजकत्वमा ५१ सदस्यीय समाजवादी दलित फोरमको जिल्ला तदर्थ समिति गठन गरिएको छ । सर्वसहमतिबाट गठन गरिएको समितिको उपाध्यक्षमा गिरधारी माली, सुव्वा पासवान, विन्दा बैठा, सचिवमा उदयनन्द राम, सहसचिवमा राम कलेवर राम, कोषाध्यक्षमा लालवती देवी माझी छनौट भएका छन् ।

### बुटबलमा सरायँ नाच

रूपन्देही । पश्चिम नेपालको गुल्मी, अर्घाखाँची जिल्लामा लोकप्रिय रहेको सरायँ नाच रूपन्देहीको बुटवलमा पनि नाँचिएको छ । खागरी, गुल्मी, पाल्पा, अर्घाखाँची, प्युठान र स्याङ्जाबाट बसाईसराई गरी आएका विभिन्न व्याक्तिहरूको सहभागीतामा बुटवल-१२ देवीनगरमा सरायँ नाच नाचिएको छ । नवदुर्गा मन्दिर समितिको अगुवाईमा आयोजना गरिएको सरायँ नाचमा सयौंको संख्यामा वृद्ध वृद्धा, महिला,युवाहरूको सहभागिता रहेको थियो । नवदुर्गा मन्दिर समितिका अध्यक्ष अर्जुन कुँवरले विगत लामो समय देखि पहाडी जिल्लाहरूमा नाच्दै आइएको नाँच लाई सहरमा पनि निरन्तरता दिनको लागि सरायँ नाच नाचिएको जानकारी दिए । उनका अनुसार वि.स. २०६७ साल देखि निरन्तर रूपमा दशैंको पुर्णीमाको दिन यस्तो सराजय नाँच नाच्दै आइएको छ । उनी भन्छन्–‘पहाडमा रहेको सस्कृतीलाई जोगाउनको लागि यहाँ हामीले सरायँ नाच प्रर्दशन गरिएको हो । ’

### हबल्दार अख्तियारको फन्दामा

जनकपुरधाम । ११ हजार रूपैयाँ घुस रकमसहित सशस्त्र प्रहरी बलका एक हवल्दार अख्तियारको फन्दामा परेका छन् । अख्तियार दुरूपयोग अनुसन्धान आयोगको टंगाल र बर्दिबासस्थित कार्यालयबाट खटिएको टोलीले जनकपुरधामको कदम चोकबाट सशस्त्र प्रहरीका सहायक हबल्दार चन्देश्वर गिरीलाई घुस रकमसहित पक्राउ गरेको हो । भन्सारमा सामान पास गराउन सहयोग गर्ने भन्दै उनलाई ११ हजार घुस लिएको अवस्थामा पक्राउ गरेको हो ।

### आगलागीबाट ८० लाखको क्षति

धनगढी । धनगढीको उपमहानगरपालिका-२ ट्राफिक चौराहामा रहेको गणेश लक्ष्मी इन्टरप्राइजेजमा भएको आगलागीबाट करीब रू ८० लाख मूल्यबराबरको व्यापारिक मालसामान नष्ट भएको छ । दुईतल्ले भवनमा रहेको उक्त पसलमा बिजुलीको लाइन चुहावट भएर यो आगलागी भएको हो । आगो लागेको झण्डै एक घण्टापछि धनगढी उपमहानगरपालिकाको दमकलको सहायतामा प्रहरीले आगो नियन्त्रणमा लिएको हो । आगलागीबाट प्रेमप्रसाद गौतमको पसलमा रहेको जुत्ता, चप्पललगायत व्यापारिक मालसामान नष्ट भएको छ ।

### ट्याक्टरको ठक्करबाट नायकको मृत्यु

जनकपुरधाम । जनकपुर ढल्केवर सडकखण्डअन्तर्गत मुजेलियामा सोमबार बिहान एक ट्याक्टरले स्कुटरलाई ठक्कर दिँदा एकजनाको घटनास्थलमै मृत्यु भएको छ । मुजेलिया इलाका प्रहरी कार्यालयका प्रमुख सुरेन्द्र यादवका अनुसार उत्तरबाट जनकपुरधाम आउँदै गरेको ज२त ११३ नंको ट्याक्टरले हिरो होन्डा शो रूम अगाडिबाट मुजेलियातर्फ जाँदै गरेको ज९प ६१३३ नंको स्कुटर चालक जनकपुरधाम उपहानगरपालिका- १० देवी चोकका ३० वर्षीय सन्दीप नायकलाई ठक्कर दिँदा उनको घटनास्थलमै मृत्यु भएको थियो । स्कुटरको पछाडि बसेका राकेश गम्भीर घाइते भएका र उनको जनकपुर अञ्चल अस्पतालमा उपचार भइरहेको छ । ट्याक्टर चालक फरार रहेकाले खोजी भइरहेको प्रहरीले जनाएको छ ।

### चोरीपैठारीका सामान बरामद

पर्सा । वीरगंज महानगरपालिका १६ बाट एपीएफ टोलीले करीब २ लाख १८ हजार रूपैयाँ बराबरको चोरीपैठारीको विभिन्न सामान बरामद गरेको छ । बा. १६ प ९९७३ नम्बरको मोटरसाइकलमा राखेर भारतबाट भन्सार छलेर अवैध रूपले ल्याउँदै गरेको अवस्थामा एपीएफ टोलीले उल्लेखित मूल्य बराबरको लत्ताकपडा, हार्डवयर लगायत स्टेशनरीका सामानहरू बरामद गरेको हो । एपीएफ टोलीले त्यसवेला उक्त मोटरसाइकल समेत बरामद गरेको छ । सशस्त्र प्रहरी बल नेपाल गुल्म हेक्वा पर्सा नम्बर १४ गुल्मबाट सशस्त्र प्रहरी नायव उपरीक्षक तिलकबहादुर खड्काको कमाण्डमा खटिएको एपीएफ टोलीले उक्त सामान बरामद गरेको हो ।

### पत्रकारमाथि तेजाब प्रहार

पर्सा । वीरगञ्जबाट प्रकाशन हुने ‘बाइपास’ दैनिक पत्रिकाका प्रकाशक- सम्पादक धीरज दारूकामाथि एक महिलाले तेजाब प्रहार गरेकी छन् । वीरगञ्ज महानगरपालिका-१० आदर्शनगरस्थित घरअगाडि उभिएको बेला उनीमाथि छिमेकमा रहेको घरमा भाडामा बस्दै आएकी मनिता सिंहले दारूकामाथि तेजाब फ्याँकेको पर्साका प्रहरी उपरीक्षक रेवती ढकालले जानकारी दिए ।

### स्मार्ट कृषि गाउँसम्बन्धी अन्तरक्रिया

बुटवल । रूपन्देही निर्वाचन क्षेत्र नं २ स्थित सदबोदरालाई कृषि स्मार्ट गाउँ बनाउन छलफल थालिएको छ ।सैनामैना नगरपालिकाको सदबोदरामा भएको स्मार्ट कृषि गाउँसम्बन्धी अन्तरक्रियामा कृषि स्मार्ट गाउँ बनाउन स्थानीयवासीले सहमति जनाए प्रक्रिया अघि बढाइने प्रदेश नं ५ का प्रदेशसभा सदस्य भोजप्रसाद श्रेष्ठले जानकारी दिए । भूमि, कृषि तथा सहकारीमन्त्री आरती पौडेलले स्मार्ट कृषिमार्फत उत्पादन दोब्बर बढाउन सकिनेमा जोड दिँदै कस्तो ढाँचामा स्मार्ट कृषि गाउँ बनाउने भन्ने विषय स्थानीयवासीको भएको बताए ।

### ट्र्याक्टरको ठक्करबाट मृत्यु

विराटनगर । मोरङको ग्रामथान गाउँपालिका-४ स्थित भित्री सडकखण्डमा ट्र्याक्टरको ठक्करबाट एक पैदलयात्रीको मृत्यु भएको छ । तेतरियाबाट मोतीपुरतर्फ जाँदै गरेको को २ त १५२८ नंको ट्र्याक्टरले सोही ठाउँकी ५५ वर्षीया हीरादेवी विश्वासलाई ठक्कर दिँदा नोबेल अस्पताल विराटनगरमा उपचारका क्रममा मृत्यु भएको जिल्ला ट्राफिक प्रहरी कार्यालयले जनाएको छ ।

### थ्रेसरको फित्तामा लपेटिएर मृत्यु

धनगढी । कैलालीको गोदावरी नगरपालिका-६ लालपुरमा धान थ्रेसर गर्ने मेसिनको फित्तामा लपेटिँदा एक महिलाको मृत्यु भएको छ । थ्रेसर मेसिन चलिरहेको अवस्थामा धान थुपार्न त्रिपाल बिछ्याउने क्रममा फित्तामा लपेटिएर ५० वर्षीया चम्पादेवी कामीको घटनास्थलमै मृत्यु भएको इलाका प्रहरी कार्यालय अत्तरीयाले जनाएको छ ।

# छुवाछूत र विभेदको कारण लोकदेवता होइन



राकेशप्रसाद चौधरी

मधेशी समाजमा दलित, अन्तर्दलित एवं गैरदलित बीचको जातीय छुवाछूत र विभेदको मुख्य कारणहरूमा जातीय पेशा, देवता मान्ने परम्परा, सरसफाईको कमी, अशिक्षा सहितको कुरालाई आधार मान्ने गरिएको पाइन्छ ।

हालैको दिनमा महोत्तरी र सिरहा जिल्लाको दलित एवं गैरदलितहरूको बस्ती घुम्दा त्यहाँ जातीय एवं व्यक्तिगत रूपमा पुजापाठ गरिने लोकदेवताहरूको बारेमा जानकारी संकलन गर्दा केही समानता र असमानताबारे विश्लेषण गर्न खोजेको छु । दलित र गैरदलित बीचको छुवाछूत एवं विभेद अन्त्यका लागि भएका विभिन्न पहलहरूमा दलित-दलितबीचकै छुवाछूत अन्त्य भएमा अन्य समूदायसँगको छुवाछुत स्वत: अन्त्य हुने धारणाहरू सुन्ने गरिन्छ । त्यसैकारण दलितहरूले घरमा पुजा गर्ने लोकदेवताहरूबारे अध्ययन र विश्लेषण आवश्यक छ । किनभने छुवाछूत मान्ने दुई जातिबीच एकै नाम भएका समान देवता पुजा गर्ने गरिएको समेत पाइन्छ ।

चमारभित्रकाले रक्तमाला, केसरी, विसहारा, काली, पंचधुरा, केसर, मनसाराम, बनैया र मिरालगायतको पुजा गर्छन् भने हलखोरभित्र समेत विसहाराको पुजा गर्छ । हलखोर जातिले बन्नीको पनि पुजा गर्छ । मुसहरभित्र काली, सुरसेर, रक्तमाला, मिराको पुजा हुन्छ । तर यी तीनवटै जातिबीच छुवाछुतको परम्परा कायम छ । तत्मा जातिभित्र काली, बन्नी, मिरा, लुकेश्वरी, हनुमानजी, नरसिंहको पुजा हुनेगर्छ । एउटा जातिभित्र एक अथवा एकभन्दा बढी देवताहरू पुज्ने गरिन्छ । यी देवताहरू एउटै जातिभित्र पनि फरक फरक छन् । तत्माभित्र कसैले नरसिंह र हनुमानजीको पुजा गर्छन् भने कोहीले काली, बन्नी, मिरा, लुकेश्वरीको पुजा गर्छन् । दुसादभित्र चौवा, त्रीपुरा, विसारा, हनुमानजीको पुजा गर्छन् । त्यहीं जातिभित्र काली, बन्नी, मिरा ,चहुवा, गोरैया, वारमन र लुकेश्वरीको पनि पुजा गरिन्छ । धोवीभित्र कारिक, हनुमानजी, विसहारा, मिराको पुजा हुन्छ ।

> दलित समूदायले आफ्नो घरभित्र पुजा गर्ने अधिकांश देवताहरू गैरदलितको घरमा पनि पुजिन्छ । एउटै देवतालाई फरक फरक जातिले आफ्नै कूलदेवताको रूपमा पुजा गर्दा समेत छुवाछूतबाट मुक्त हुन सकेको छैन ।

मधेशमा जातीय भेदभाव र विभेद अन्त्य हुन्छ कि भनेर यी समुदायले आफ्नो पुरानो जातीय पहिचानको सट्टामा दुसाधले पासवान, चमारले महरा, राम एवं तत्माले दास भनेर परिचय दिन रूचाउन थालेका छन् । दलित समूदायका अन्यहरू पनि विस्तारै थरलाई नै आफ्नो जातीय पहिचान मान्न थाले पनि विभेद र छुवाछूतमा उल्लेख्य कमी आउन सकेको छैन ।

दलित समूदायले आफ्नो घरभित्र पुजा गर्ने अधिकांश देवताहरू गैरदलितको घरमा पनि पुजिन्छ । एउटै देवतालाई फरक फरक जातिले आफ्नै कूलदेवताको रूपमा पुजा गर्दा समेत छुवाछूतबाट मुक्त हुन सकेको छैन । त्यहीं एउटै जातिले फरक फरक देवतालाई कूलदेवताको रूपमा पुजा गरेपनि स्वजातीय छुवाछूतको अभ्यास नरहेको देखिन्छ । मधेशका जातीय समुदायले विभिन्न कालखण्डमा पराक्रम देखाएका लोकनायकहरूलाई समेत लोकदेवताको रूपमा पुजा गर्ने गर्छन । त्यस्तै वेद र विभिन्न धार्मिक ग्रंथ एवं लोककथाका चर्चा गरिएकाहरूलाई देवताको रूपमा पुजा गर्ने गर्छन् ।

दलित समूदायभित्रै तथा गैरदलित समूदायबीचको भेदभावको कारण लोकनायक वा लोकदेवता नरहेको देखिन्छ । भेदभाव अन्त्य गर्न तत्कालको समयमा एउटै देवतालाई कूलदेवतालाई पुजा गर्नेहरू एउटै मालामा जोड्नुपर्ने आवश्यक छ । यसरी जोड्दै जाने हो भने दलितभित्रै छुवाछुत मान्ने जातिबीच सद्भाव कायम गर्न सकिन्छ ।

अर्कोतर्फ दलित समूदायमा आर्थिक, शैक्षिक, राजनीतिक सशक्तिकरण एवं सामाजिक विकास नीति निर्माणमा निर्णायक भूमिका प्राप्त गर्न संघर्षरत रहन आवश्यक छ । कानूनी रूपमा अधिकारको प्राप्ति र जिम्मेवारी एवं कर्तव्यको पालना गर्न गराउनु नै संघर्षको पहिलो चरण हो ।

# समाजको विकासमा योगदान पुऱ्याउने व्यक्तित्वहरू सम्मानित

सप्तरी । सप्तरी जिल्लाको वोदे वरसाईन नगरपालिकाको वडा नं. ८ अन्तर्गत साविकको काचन गा.वि.स. स्थित वहालवला तथा सेवा निवृत सरकारी कर्मचारीहरूको साझा चौतारी काचन कर्मचारी समाज, वोदे वरसाईन न.पा.-८, काचनले वडा दशै, तिहार, छठ लगायत चाडपर्वहरूको उपलक्ष्यमा आयोजित शुभकामना अदानप्रदान कार्यक्रममा समाजको विकासमा सहयोग पुऱ्याउने २१ जना विशेष व्यत्तित्वहरूलाई सम्मान गरेको छ । स्थानिय काचन गाँउमा समपन्न उपरोक्त कार्यक्रम वोदे वरसाईन नगरपालिकाका मेयर आतेश कुमार सिंहको प्रमुख आतिथ्यता र समाजका अध्यक्ष शंकर प्रसाद चौधरीको अध्यक्षतामा सम्पन्न भएको हो ।

कार्यक्रममा नेपाल मधेशी निजामती कर्मचारी मञ्चका केन्द्रिय अध्यक्ष भुवनेश्वर चौधरीलाई विशेष अतिथि, आधिकारीक ट्रेड युनियन तथा नेपाल मधेशी निजामती कर्मचारी मञ्च, सप्तरीका अध्यक्ष अजय कुमार झा, वडा ८ का वडाध्यक्ष लक्ष्मी साह, काचनका पुर्व गा.वि.स. अध्यक्ष कर्मैन यादव, डा. शिवजी प्रसाद दास लाई अतिथीको रूपमा आमन्त्रण गरिएको थियो ।

शुभकामना अदान प्रदान तथा सम्मान कार्यक्रममा प्रमुख अतिथि मेयर आतेश कुमार सिंहलाई समाजका अध्यक्ष शंकर प्रसाद चौधरीले दोसल्ला ओढाई सम्मान गरेका थिए । त्यसै गरी कार्यक्रममा आमन्त्रित विशेष अतिथि तथा अतिथि गणलाई मेयर सिंहले दोसल्ला ओढाई सम्मान गरेका थिए ।

कार्यक्रममा समाज आवद्ध सेवा निवृत २१ जना निजामती, शिक्षा, नेपाल प्रहरी, नेपाली सेनाका पुर्व कर्मचारीहरूलाई सरकारी सेवामा रही देश र जनताको सेवा गर्दै काचन कर्मचारी समाजको गतिविधीमा पुऱ्याउदै आएको योगदानको कदर गर्दै सुखी र समृद्ध सेवा निवृत जिवनको कामना सहित दोसल्ला ओढाई सम्मान पत्रवाट सम्मानित गरीएको थियो ।

कार्यक्रममा शुभकामना मन्तव्य दिदै मेयर सिंहले काचन कर्मचारी समाजद्वारा स्वस्फुर्त रूपमा आयोजित उपरोक्त कार्यक्रमले राष्ट्र निर्माणमा कर्मचारीको भुमिका र वहन गर्ने गरेको जिम्मेवारीका वारेमा आफु आज पुर्ण रूपमा जानकार भएको महसुस गरेको वताएका थिए ।



मेयर सिंहले कर्मचारीहरूको आफ्नो समाज र वर्ग उपरको चिन्तन र संवेदनशिलताले आफुलाई नगरको विकास गर्न गराउन थप उर्जा मिलेको वताउदै वोदे वरसाईन नगरपालिकाको विकास यात्रा र समृद्धीको रेखान्कनको लागी समाज आवद्ध सदस्यहरूलाई तयार रहन अनुरोध गर्दै नगरपालिका समाजसँग सहकार्य गर्न तत्पर रहेको हुँदा कर्मचारी समाजको विकासको लागी नगरपालिकाले हर सम्भव सहयोग गर्ने प्रतिवद्धता जनाएका थिए ।

मेयरको उपरोक्त भिजन र प्रतिवद्धता उपर कार्यक्रममा उपस्थित समाजका सदस्यहरू काचन विकासका लागि थप उत्साहित भएका छन् । कार्यक्रममा शुभकामना दिदै मञ्चका केन्द्रिय अध्यक्ष भुवेश्वर चौधरीले काचन कर्मचारी समाजले गरेको सम्मानवाट आफु भावविभोर भएको र काचन कर्मचारी समाजको सदस्य भएकोमा गौरव महसुस गरेको वताउदै कर्मचारीहरूको पेशागत सवाल, समृद्धी, पहिचान र सेवा सर्त सम्वन्धी विषयहरूलाई मञ्च समाजसंग सहकार्य गर्न तयार रहेको बताए ।

आधिकारीक ट्रेड युनियन सप्तरीका अध्यक्ष अजय कुमार झाले काचन कर्मचारी समाजको आजको कार्यक्रमले सप्तरीमा कर्मचारीहरूको ट्रेड युनियन मुभमेन्ट र मधेश मिसनलाई थप उर्जा प्रदान गरेकोमा जोड दिएका थिए । त्यसै गरी समाजको पहिचान र विकासको लागी आफु सदैव तत्पर रहने प्रतिवद्धता वडाध्यक्ष लक्ष्मी साहले जनाएका थिए । समाजको आमन्त्रणलाई स्वीकार गरी उपस्थित भइ दिएकोमा प्रमुख अतिथि, विशेष अतिथि, अतिथि, सम्मानित हुने व्यक्तित्व तथा सर्व सधारणहरूलाई धन्यवाद दिदै सवैको सहकार्य र सुझाव अनुसार नै आफु र आफनो समितिले गतिविधी गर्ने कुरामा समाजका अध्यक्ष शंकर प्रसाद चौधरीले प्रस्ट्याएका थिए । शिक्षक सत्यनारायण साहले कार्यक्रममा स्वागत मन्तव्य दिएका थिए भने शिक्षक पंचलाल दासले कार्यक्रम संचालन गरेको जानकारी नेपाल मधेशी निजामती कर्मचारी मञ्चका महासचिव बेचन कुमार महतोले दिएका छन् ।

## माइती नेपाललाई सहयोग

काठमाडौं । योङ प्रेसिडेन्ट्स अर्गनाइजेसन (वाइपिओ) कोलकाता, भारत च्याप्टरका सदस्यले नेपाली युवतीको उद्धारका लागि अन्नपूर्ण आधार शिविरमा पुगेर चन्दा उठाएका छन् । उनीहरूले मानव बेचबिखनविरूद्ध लड्ने उत्साह फैलाउन तथा माइती नेपाललाई सहयोग गर्न अन्नपूर्ण आधार शिविरसम्म पदयात्रा गरेका हुन् । वाइपिओ कोलकाताका सदस्यले अन्नपूर्ण आधार शिविरमा उठाएको रकम माइती नेपाललाई प्रदान गरेको छ । संस्थाले संकलन गरेको रकमले ३० जना युवतीको उद्धार गर्न पुग्ने र ५ हजार जनता सूचना सम्प्रेषण र परामर्शबाट लाभान्वित हुने जनाइएको छ । यसले समुदायलाई बेचबिखनविरूद्धमा संगठित हुन अभिप्रेरित गर्ने संस्थाले जनाएको छ । वाइपिओ कोलकाता च्याप्टरले यही ७ अक्टोबरदेखि १३ अक्टोबरसम्म ट्रेकको आयोजना गरी १३ हजार फिटको उचाइमा अवस्थित अन्नपूर्ण आधार शिविरमा पुगेर कोषका लागि चन्दा उठाएको जनाएको छ ।



## स्थानीय सम्वाद

# कृषिलाई बढी केन्द्रित गरेका छौं



## सूर्यनाथ मण्डल
### मेयर, कल्याणपुर नगरपालिका, सिरहा

**० तपाइँ निर्वाचित भएदेखि अहिलेसम्म के-कस्ता कामहरू गनुभएको छ ?**

– अहिलेसम्म हामीले लगभग राम्रै तरिकाले काम गरिरहेका छौं। हाम्रो मुख्य ध्यान शिक्षामा छ। शिक्षामा रहेका कमी कमजोरीहरूलाई सुधार गरेका छौं। जुन विद्यालयहरूमा पुस्तक, शिक्षक, भौतिक पूर्वाधार लगायतका कमी थियो त्यसको व्यवस्था मिलायौं। यसैगरी, हाम्रो नगरपालिकामा १२ वटा वडा छन्, ती सबै वडा जोड्ने गरी नक्सांकन गरेर रिङ्गरोडको अवधारणा ल्यायौं। नगरपालिकामा पूर्वाधार विकासका लागि सडकहरू विस्तार गऱ्यौं। यस्तै, नेपाल कृषि प्रधान देश भएकाले कृषि क्षेत्रमा बढी फोकस गरेको छु।

**० कृषिमा के-के व्यवस्था गर्नुभएको छ ?**

–सिंचाइका लागि नहर, कुलोको व्यवस्था, कृषकहरूका लागि ठाउँ-ठाउँमा बोरिङ्गको व्यवस्था गरेका छौं । यसपटक हामीले माछापालनलाई जोड दिएका छौं । माछापालन किसानका लागि हामीले यस वर्ष ५० लाख बजेट छुट्याएका छौं । कृषि क्षेत्रमा हामीले भारतको पञ्जाबमा जसरी खेती हुन्छ त्यस्तो व्यवस्था गर्न लागेका छौं । जुन ठाउँमा जुन खाद्यवस्तुको उब्जनी बढी हुन्छ त्यसैमा बढी जोड दिएका छौं ।

**० स्वास्थ्य क्षेत्रको अवस्था के छ ?**

– 'स्वास्थ्य नै धन हो' भन्ने मूल नारालाई हामीले सबभन्दा बढी यसमा नै जोड दिएका छौं । महिला, बालबालिकाको हकमा खोप कार्यक्रमका लागि तालिमको व्यवस्था गरेका छौं । गर्भवती महिलाहरूको स्याहारसुसार तथा पौष्टिक आहारको पनि व्यवस्था गरेका छौं ।

**० मेयरको रूपमा काम गरिरहँदा कस्ता चुनौतीहरू आएका छन् ?**

– सुरूमा त यहाँका विपक्षी दलहरूबाट विभिन्न समस्याहरू आयो तर मैले उहाँहरूलाई भने कि म यदि नराम्रो काम गर्छु भने विरोध गर्नुस् र राम्रो काम गर्छु भने सहयोग गर्नुस् । मैले राम्रो काम गरेर देखाउँछु भन्ने प्रतिबद्धता दिएर उहाँहरूलाई पनि विश्वासमा लिएका छौं । अहिलेसम्म कसैले पनि हामीलाई अवरोध गरेका छैनन् । सबैको सल्लाहअनुसार नगरपालिकामा विकासका कामहरू अगाडि बढाउँदैछौं । सुरूमा तीन महिना अधिकृतले गर्दा काम ठप्प भयो । तर, पछि सबै मिलेर सहयोग गर्नुभयो र गत आर्थिक वर्षमा हामीले ८५ प्रतिशत काम गऱ्यौं ।

**० गत आर्थिक वर्षमा कतिको बजेट खर्च भयो ?**

– गत आर्थिक वर्षमा हामीले ८० देखि ८५ प्रतिशतसम्मको बजेट चलायौं । हामीले बस पार्कका लागि पनि पैसा छुट्याएका थियौं तर त्यसको बजेट खर्च गर्न सकिएन । समयको अभावले गर्दा करिब १५ प्रतिशत बजेट चलाउन सकेनौं ।

**० नगरपालिकाको कामबाट जनता कति सन्तुष्ट भएको पाउनु भएको छ ?**

– हाम्रो कामबाट यहाँका जनता एकदम सन्तुष्ट छन् । विपक्षीलाई पनि मिलाएर काम गर्दैछौं । म कुनै पार्टीको मेयर होइन, पूरा नगरवासीको मेयर हुँ भन्ने भावनाका साथ काम गरिरहेको छु । हाम्रो उद्देश्य विकास हो । प्रत्येक वार्डहरूमा विभिन्न किसिमका तालिमको व्यवस्था गरेका छौं । हाम्रो नगरपालिकामा +२ सम्म मात्रै पढाई हुन्छ । प्राविधिक शिक्षाका लागि पनि हामीले पहल गरिरहेका छौं । हाम्रो प्रदेशका राज्यमन्त्री सुरेश मण्डल र प्रतिनिधिसभा सदस्य राजकिशोर यादवसँग पनि यसका लागि छलफल गरेका छौं ।

**० कर बढ्यो भनेर जसरी चर्चा छ, तपाइँको नगरपालिकामा करको अवस्था के छ ?**

– हाम्रो नगरपालिकामा करको विषयमा कुनै विवाद छैन । जनतालाई दु:ख दिएर कर उठाउनु हुँदैन र हामीले उठाएका पनि छैनौं । जनताले जति दिनसक्छ त्यहींअनुसार कर रहेको छ । हामीले कुनै नयाँ कर लगाएका पनि छैनौं । ऐलानी जग्गाहरूमा पोखरी खनाएर जनतालाई नै दिएका छौं र त्यसबाट हुने आम्दानीबाट केही मात्रामा करको रूपमा लिने गरेका छौं । हामीले लगानी गरेर त्यसबाट पैसा उठाउन खोजिरहेका छौं । जनतालाई मारमा पारेर कर उठाएका छैनौं । जनताबाट लिएको कर जनताकै लागि खर्च गरिरहेका छौं ।

**० भनेपछि कल्याणपुरका जनता करबाट पीडित छैनन् ?**

– यहाँ त्यस्तो किसिमका केही कुरा छैन । हामीले यति विकास गरिदिएका छौं, जनताले आफै दिन खोज्छन् । जनतालाई आम्दानी हुने भएपछि उनीहरू आफै दिन्छन् । त्यसैले हामीले लगानी लगाएर त्यसबाट आएका करलाई जनताकै लागि खर्च गर्ने गरेका छौं । अन्य नगरपालिकामा करको विवाद होला तर यहाँ अहिलेसम्म करको विषयमा कुनै किसिमका विरोध वा अवरोध छैन ।

**० युवाको हकमा के छ योजना ?**

– हामीले रोजगारीका लागि युवाहरूलाई आह्वान नै गरेका थियौं । युवाहरूले जुन क्षेत्रमा उसको रूचि छ, त्यसमा हामीले लगानी गर्ने भनेको छौं । बरू १० हजारको प्रति महिना तलब दिने र काममा लगाउने भनेका छौं । आम्दानी गर्नुस् र बढी भयो भने बोनसको रूपमा ती आम्दानी वितरण गर्ने भनेर भनेका छौं ।

**० स्थानीय निर्वाचनपश्चात् सिंहदरबार गाउँ-गाउँमा भनिन्थ्यो, कल्याणपुरमा यो नारा कति व्यवहारिक छ ?**

– सिंहदरबार गाउँ-गाउँमा एउटा नारामा मात्र सीमित छ । सिंहदरबारका सबै अधिकार अहिलेसम्म पनि हामीले प्राप्त गर्न सकेका छैनौं । तर, हामीसँग भएका अधिकारलाई यहाँका जनतालाई पूर्णरूपमा प्रत्याभूत गराएका छौं । विकासका लागि आएका बजेटलाई हामीले पूर्णरूपमा सदुपयोग गरि नै रहेका छौं । मैले प्रत्येक वडाहरूलाई निर्देशन दिएका छौं कि जनतालाई जागरूक र सचेत बनाउनुस् ।

**० निर्वाचनका बेला गर्नुभएका प्रतिबद्धता पूरा गर्दै हुनुहुन्छ ?**

– हामीले जुन कुराहरूलाई चुनावी एजेन्डा बनाएका थियौं, त्यहींअनुसार काम गर्दै छौं । हामीले निर्वाचनका बेला शिक्षा, स्वास्थ्य, कृषि, सडकलगायतका विकास गर्ने प्रतिबद्धता गरेका थियौं । त्यहीं कुराहरूलाई हामीले नीति कार्यक्रम र बजेटमा राखेका छौं । हामीले आधारभूत आवश्यक्ता पूरा गर्ने प्रतिबद्धता गरेका थियौं । ती प्रतिबद्धताहरू विस्तारै पूरा हुँदैछन् । तसर्थ, यस नगरपालिकाका जनता सन्तुष्ट छन् ।

# विश्व परिवेश

## आतंक सहयोगमा लगानी महँगो साबित हुनेछ

**मंजुर अहमद**

चीनले चीन–पाकिस्तान इकोनोमिक करिडोर योजनामा अमेरीकी डलर ६० बिलियन जतिको ठूलो लगानी गर्ने प्रस्तावित गरेको छ। त्यस योजनाको ठूलो भाग विद्रोही आतंककारी क्षेत्रमा पर्ने हुँदा चीनले आफ्नो आर्थिक विकासको भविष्यलाई जुवामा लगाइदिएको छ। चिनियाँहरूले वास्तविकतालाई राम्ररी बुझेको भएपनि पाकिस्तानी सेनाबाट सुरक्षाको आश्वस्तताले गर्दा आफ्नो लगानीको प्रतिफल राम्रो र सुरक्षित हुने अपेक्षा गरेका छन्। अमेरिकाको बढ्दो प्रभाव हुने थाहा भएपनि पाकिस्तानमाथि विश्वास गरेर त्यस्तो गरेको कारण अब त्यसबाट हात झिक्न धेरै ढिलो भैसकेको छ।



यो कसैसँग छिपेको कुरा छैन कि पाकिस्तान कुनै देशको विश्वसनीय साझेदार रहन सकेको छैन। अमेरिकाले लामो समयसम्म पाकिस्तानलाई सघाउने क्रममा धेरै विनाशकारी प्रतिफल मात्र भोग्नुपरेन कि पाकिस्तानको दोहोरो नीतिका कारण अफगानिस्तानको अनपेक्षित युद्धमा आफ्ना हजारौं सैनिकलाई बलिदान गर्दै अमेरिकी खर्बौं डलरको ऋणको बोझमा फँस्नु पऱ्यो। एक प्रकारले अफगानिस्तानमा पाकिस्तानको सैन्यबललाई परास्त गर्ने क्रममा आफ्नो सहयोग नै बन्द गरि दियो। पाकिस्तानको आफ्ना दुई छिमेकी भारत र अफगानिस्तानसँगको सम्बन्ध उग्र र कटुतापुर्ण नै रहेको छ। पाकिस्तान सेनाका जनरलहरूको धोखेबाज प्रकृति र आचरणसँगै इस्लामावाद नै संरक्षणस्थल मान्ने धारणा र मानसिकताका कारण दुवै छिमकीसँग शान्तिपूर्ण सहअस्तित्व तथा समझदारीको अपेक्षा गर्न सकिन्न र यस क्षेत्रमा चीनको महत्वकांक्षाका लागि गम्भीर चूनौती बन्न सक्छ।

पाकिस्तान भित्र प्रतिरोधी तथा आक्रमणकारीहरूको बढ्दो प्रभाव छ भने बलोचहरू आफ्नो स्वतन्त्रताका लागि राज्यसँग लड्दै आएका छन्। विगत सात दशकदेखि प्राय: नियमित अन्तराल पश्चात् बलोच राज्यद्रोहीहरू सैनिक संचालन विरूद्ध जिहाद गर्दै आए पनि त्यसको संरक्षण र सुरक्षाबलहरू माथि प्रवल आक्रमण हुँदै आएका छन् र त्यसको अन्त हुने छाँट पनि छैन। सिन्धिहरू राज्य र त्यसको योजनासँग खुसी छैनन् भने त्यही अवस्था गिल्गिटबाल्टीस्तानको जनताको समेत रहेको छ। अहिले पश्तुनहरू पनि राज्य र खास गरी पाकिस्तानी सेनाका विरूद्ध उर्तन थालेका छन्। छोटकरीमा अहिले लाखौंको संख्यामा विद्रोह भै राखेको छ जसले आगामी वर्षसम्म सेना जनरलहरूसँगै नागरिक नेतृत्वलाई अल्झाई राख्नेछ। चीनको योजनाको सफलता तिनीहरूले नेतृत्व आन्तरिक समस्याहरूको प्रभावकारी र अनुकुल दृष्टिकोणमा निर्भर रहनेछ। २००७ देखि संचालित सेनाको आतंकवादी विरूद्धको आन्दोलनमा हजारौं पाकिस्तानी मारिएका छन् भने सेनाको आतंकवादीहरूसँगको साँठगाँठले गर्दा नै नवाज शरीफले प्रधानमन्त्रीबाट बाहिरिनु परेको थियो। जनसम्म, हफिज सईद, जलालुद्दीन हक्कानी र मसुद अजहर जस्ता आतंकवादीहरूका प्रमुखहरूलाई सेनाको संरक्षण प्राप्त भै रहनेछ, तबसम्म चीनका योजनाहरू तीनै संगठनहरूको कृपामा निर्भर रहनेछ। *–एजेन्सीको सहयोगमा*

## नेपाल–चीन अपराधी सम्बन्धी सम्झौता : एक वास्तविकता



चीन र नेपालबीचको द्विपक्षीय सम्बन्धमा हालै चीनले जुन प्रकारको विषय उद्घोष गर्दै नेपाललाई आफ्नो चावटा बन्दरगाह प्रयोग गर्ने स्वकीकृतिको प्रदर्शन गरेको छ त्यसले स्पष्ट रूपमा केही उमंग छाएको छ। भुपरिवेष्ठित नेपालले समुन्द्रसम्म पुग्न भारत भएर रूटको प्रयोग गर्दै आएको छ। यस प्रकार चीनले नेपाललाई भारतसँग टाढा पार्ने सोच लिएको भएपनि विश्लेषणहरूले चीन भएर नेपालले समुन्द्रसम्म पुग्ने कुरोको सम्भाव्यतामाथि प्रश्न उठाउँदै भू-राजनीतिक परिवेश माथि ध्यान दिनु विशेष चासोको कुरो भएको समेत औल्याएका छन्। सेटेम्बर ७, २०१८ का दिन नेपाल र चीनका पदाधिकारीहरूले काठमाडौंमा बैठक गरी चीनले नेपाललाई आफ्नो टीआनजिन, शेमझेन, लिआनयुगांग र झानजिआगं बन्दगाहसम्म पुग्न साथै लानझाउ, ल्हासा र झिगात्सेका भू-बन्दरगाह समेतलाई नेपालको अन्तराष्ट्रिय व्यापार संचालनका लागि वैकल्पिक मार्गका रूपमा प्रयोग गर्न दिने सहमति दिएको थियो। चीनले नेपाललाई महशुस गराउन रातदिन काम गरी रहेको प्रदर्शन गर्दै आएपनि चीनलाई थाहा छ कि वास्तविकताका दृष्टिले त्यसको कम महत्व रहेको छ। यो तथाकथित नयाँ भनिएको व्यापार-पारवहन सम्झौता नयाँ होईन किनकी साँचो कुरो यो कि सन् २०१६ मा के.पी ओली प्रधानमन्त्री भएको बखत चीनसँग १० वटा सम्झौतामा हस्ताक्षर गरेका थिए र चीनले टीआनजिन समुन्द्री बन्दरगाहमा नेपाली समानहरू तेस्रो देशहरूबाट आयात गर्ने प्रयोजनका लागि प्रदान गर्ने स्वकीकृति दिएको थियो। दक्षिण एशिया सम्बन्धी एक विशेषज्ञ र नेपालमा पूर्व राजदूत रहिसकेका प्रो. एस.डी. मुनिले मार्च २८, २०१६ का दिन यस प्रकरणले नेपालको भारतमाथि रहेको निर्भरतालाई प्राविधिक दृष्टिले अवरोधित पार्ने स्पष्ट गरेको भएपनि उनले हाल नेपालले प्रयोग गर्दै आएका भारतको हल्दीआ बन्दगाह १,००० किलोमिटर मात्रको दुरीमा रहेको छ भने चीनको टीआनजिन बन्दगाह नेपालबाट ३,००० किलोमिटरको दुरीमा रहेकाले व्यावहारिकताको दृष्टिले त्यसले नेपालको अपेक्षित खाँचो पुरा नगर्ने समेत स्पष्ट पार्नु भएको थियो। यस सम्बन्धमा यो पनि विचारणीय छ कि नेपालले चीनले प्रदान गर्ने सामुन्द्रिक बन्दगाहबाट लाभ लिन समय लाग्नुका साथै ठूलो प्रयास र लगानी गरे पश्चात् मात्र संचालनमा आउन सक्नेछ। त्यसैले चीनले जे-जति र जसरी नेपाललाई प्रभावित पारे पनि व्यवहारिक पक्षमाथि ध्यान दिनु जरूरी छ। उल्लेखनीय कुरो यति मात्र छ कि चीन नेपालसँग द्विपक्षीय अपराध सम्बन्धी सम्झौता गर्न हतारिएको छ। जुन, २०१८ मा चीनले प्रधानमन्त्री ली केकियागंको निमन्त्रणामा नेपालका प्रधानमन्त्री केपी ओलीले भ्रमण गरेको बखत अभय पक्षले आपराधिक मामलामा आपसी कानुनी सहयोग, अपराध सम्बन्धी आदि कार्यहरू निस्तेज पार्ने संयुक्त वक्तव्य प्रकाशित गरिएको थियो। संयुक्त वक्तव्यमा उल्लेख भएका कुराहरू सम्बन्धी सम्झौतामा नेपाल हतारिएको थिएन। चीनले पहिला २००९ मा र त्यसपछि २०१४ प्रस्तावित गरेको भए पनि नेपाली संचारमाध्यमहरूले बेजिगंले अग्रसरित गरेको सम्झौताको मस्यौंदालाई नेपाल सरकारले अस्वीकार गरेको बारे गृहमन्त्री रामबहादुर थापाको भनाईलाई सार्वजनिक गरेको थियो।

नेपालसँग चीनले अपराध सम्बन्धी सम्झौतामा हस्ताक्षर गराउन खोजेको अभिप्रायलाई गहिरिएर बुझ्नु जरूरी छ किनकि हजारौं तिब्बतीहरू चीनद्वारा दिइने प्रताडना र यातनाबाट बच्न पर्वतीय क्षेत्रहरू पार गर्दै नेपाल भ्रमण गर्ने गरेका छन्, जसमध्ये केही नेपालमा बसि सकेका छन् भने केही भारततिर गै सकेका छन् र त्यसलाई २००५ देखि नै तिब्बती विद्रोहीहरूको प्रवाह रोक्न चीनले प्रयास गर्दै आएको छ। यसमा उसले केही हदसम्म सफलता समेत पाईसकेको छ। तिब्बतीहरूको प्रथम विराम स्थल नेपाल भएपनि उनीहको अन्तिम लक्ष्य वा गन्तव्य भारत रहेको छ। भ्वाइस अफ अमेरिकाको जुलाई २, २०१८ को प्रतिवेदन अनुसार २०१७ मा ८० तिब्बतीहरू मात्र भारत आएका थिए र यस वर्ष तिनीहरूको संख्या कम हुनसक्नेछ। धर्मशालाका केन्द्रीय तिब्बती प्रशासन अनुसार बेजिङ्गको तिब्बतमाथिको सख्त नियन्त्रणका कारण त्यस्तो हुन गएको हो। 'ह्युमन राइटस वाच रिपोर्ट २०१४' ले 'अन्टर चीनस शैडो : मिस ट्रीटमेण्ट अफ तिबेतन्स इन नेपाल' प्रतिवेदन मार्फत नेपालमाथि चीनको प्रभुत्व बढ्दै गएको छ। अपराध सम्बन्धी सम्झौतामा नेपालले हस्ताक्षर गर्नुभन्दा आफ्नो तटस्थताको नीतिलाई निरन्तरता दिनु बेश हुनेछ। त्यस सम्झौतामा हस्ताक्षर गर्नु नेपालको राष्ट्रिय सुरक्षा तथा क्षेत्रीय सुरक्षाका दृष्टिले समेतमाथि धेरै प्रभाव पार्नेछ, जो नेपालको लागि हितकर हुँदैन।

*– एजेन्सीको सहयोगमा*

## प्रहरी भवन उद्घाटन



सप्तरी। प्रदेश २ का प्रहरी प्रमुख दिनेश अमात्यले काचनमा नवनिर्मित प्रहरी भवनको एक समाहरोहबीच उद्घाटन गरेका छन्। बोदेबरसाईन नगरपालिका वडा नम्बर ८ स्थित काचनमा नगरपालिकाको सहयोगमा ३५ लाखको लगानीमा ४ कोठे नवनिर्मित भवनको उद्घाटन गरिएको हो। सो अवसरमा प्रहरी नायब महानिरिक्षक दिनेश अमात्यले जनतामैत्री प्रहरी सेवा दिन प्रहरी प्रतिबद्ध रहेको बताउँदै नागरिक र प्रहरी बिचको सम्बन्धलाई थप सुमधुर बनाउनुपर्नेमा जोड दिएका छन्। सो अवसरमा पूर्वमंत्री तथा राजपा नेपालका वरिष्ठ उपाध्यक्ष मृगेन्द्र कुमार सिंह यादव जनतालाई अनुभूति गराउने निकाय प्रहरी रहेकोले जनतालाई सहज सेवा दिनुपर्ने बताए। उनले भने, 'बोदेबरसाईन नपा विकट नगरपालिकामध्ये एक भएकोले ४३ वर्षको प्रयास पछि काचनमा प्रहरी चौकी स्थापित गर्न सफल भएको बताए। सो अवसरमा बरसाईन नगरपालिकाका मेयर आतेश कुमार सिंहले भने, 'धेरै दिनको प्रयासपछि भवन निर्माण गर्न सफल भएका छौं।' ईलाका ठुलो भएकोले प्रहरीको सेवालाई सहज बनाउन नयाँ गाडी उपलब्ध गराउनुपर्ने उनले बताए। उक्त कार्यक्रममा प्रमुख जिल्ला अधिकारी सुरेन्द्र पौडेलले जनताको सहभागिता बिना प्रहरीको सेवा असम्भव रहेकोले जनतासँग प्रहरी काँधमा काँध मिलाएर अपराधलाई निरूत्साहित गर्नुपर्ने बताए।

## राजपाले सबै कर्मचारी हटायो

काठमाडौं। राष्ट्रिय जनता पार्टी नेपालको केन्द्रीय कार्यालयमा कार्यरत् सबै कर्मचारीहरूलाई अध्यक्षमण्डलका संयोजक महन्थ ठाकुरले विदा गरेका छन्। संयोजक ठाकुरले कार्यालयका सम्पूर्ण कर्मचारीहरूलाई दशैंको तलब दिँदै भने, 'तपाइँहरू राम्रोसँग दशैं मनाउनु, कार्यालयमा तपाइँहरूको आवश्यकता पर्‍यो भने बालाउँछौं।' भन्नुको मतलब अबदेखि कार्यालय नआउनु भन्दै विदा गरेका हुन्। केही कर्मचारीहरूले कार्यालयमा विभिन्न किसिमका आर्थिक अनियमितताहरू गरेकोले सबैलाई निकालिएको स्रोतको भनाई छ। राजपामा विभिन्न शीर्षकमा चरम आर्थिक अनियमितता भएको भन्दै पटक-पटक गुनासाहरू अध्यक्षमण्डल समक्ष आएका थिए। राजपा कार्यालयको चाबीहरू अध्यक्षमण्डलका संयोजक ठाकुरले आफूसँगै राखेका छन्।

## सकेसम्म सहयोग गर्छौं : प्रदेश सांसद

रौतहट। सदरमुकाम गौरलाइ हरियो बातावरण स्वच्छ सुन्दर बनाउने उदेश्यले स्वस्फूर्त रूपमा संचालित स्वच्छता अभियानमा राजपाका प्रदेश सांसद बाबूलाल साहले सकेसम्म सहयोग गर्ने प्रतिवद्धता जनाएका छन्। प्रदेश २ का सरकारले सञ्चालन गरेका मुख्य मन्त्री स्वच्छता अभियान शुरू हुनु भन्दा पहिला नै युवाहरूले स्वच्छता अभियान सञ्चालन गरेका छन्।

# जिल्ला समाचार

## जिल्ला अध्यक्षको निधन

चितवन। राष्ट्रिय जनता पार्टी नेपालका चितवन जिल्ला अध्यक्ष एवं पूर्वमन्त्री सन्तकुमार चौधरीको निधन भएको छ। चौधरीको ८१ वर्षको उमेरमा निधन भएको राजपा नेपालले जनाएको छ। उनी समतावादी समाज निर्माण अभियानका अभियानी तथा कुशल संगठक थिए। उनको सादा, ईमानदारपूर्ण तथा निष्ठावादी राजनीतिक जिवनशैली राजपा नेपालका नेता कार्यकर्ताका लागि मार्गदर्शक सिद्धान्तको रूपमा स्थापित हुने विश्वास राजपाका महासचिव मनिष सुमनले व्यक्त गरेका छन्। महासचिव सुमनले एक शोक सन्देश जारी गरी 'नेता संत कुमार चौधरी ज्यूका शोकसंतप्त परिवारजनमा हार्दिक समवेदना ब्यक्त गदैकक राष्ट्रिय जनता पार्टी नेपाल, स्व. चौधरीको आत्माको शान्तिको कामना गर्दछ।' उल्लेख गरेका छन्।

## एक हजार ९० साना उद्योग दर्ता

रूपन्देही। सानो लगानीमा राम्रो आम्दानी भएपछि रूपन्देहीमा घरेलु उद्योग खुल्नेको संख्या बढेको छ। घरेलु तथा साना उद्योग कार्यालय रूपन्देहीमा ७४-७५ मा १ हजार ९० उद्योग दर्ता भएका छन्। दर्ता भएका उद्योगमध्ये उत्पादन मुलम उद्योग ४ सय २८ सेवामूलक २ सय ९१ पर्यटनमूलक १ सय ८० कृषि तथा बन्यजन उद्योग १ सय ९० रहेका छन्। अहिलेसम्म घरेलु तथा सानाउद्योग कार्यलय रूपन्देहीमा ११ हजार ९ सय ३३ उद्योग दर्ता भएको निमित्त प्रमुख युवराज पौडेलले बताए। ती उद्योगमा १८ हजार ७ सय ६२ जनाले रोजगारी पाएको बताएका छन्। तीमध्ये महिलाहरू ३ हजार ९ सय ७९ जना र १४ हजार ७ सय ८३ पुरूषले रोजगारी पाएका छन्। महिला हरूले ३ हजार १ सय ६ उद्योग दर्ता गरेका छन भने पुरूषहरूले ८ हजार १ सय २६ दर्ता गरेको घरेलुको तथ्यांकमा उल्लेख गरिएको छ। ति दर्ता भएका उद्योग मध्यृ ५ हजार ६ सय ८० उत्पादनमुलक उद्योग रहेको छन भने ३ हजार २ सय ९० सेवामुलक २२ सय पर्यटन मुलक र ७ सय ४५ कृषि तथा बन्यजन उद्योग रहेको पौडेलले बताए।

## उत्कृष्ट छात्रछात्रा सम्मानित

राकेश यादव, रौतहट। गौर नगरपालिका कार्यालयको आयोजनामा गौर नगर स्तरीय माध्यमिक शिक्षा परीक्षा २०७४ अन्तर्गत सर्वोत्कृष्ट अंक प्राप्त गर्ने छात्रछात्रालाई सम्मान तथा पुरस्कार वितरण कार्यक्रम बिहीबार नगरपालिकाको सभाहलमा सम्पन्न भएको छ। परीक्षामा राम्रो अंक ल्याई उत्तीर्ण हुने विद्यार्थीलाई पुरस्कृत गर्दा हौसलामा बृद्धि हुने उद्देश्यले यस वर्षदेखि यस्ता कार्यक्रम शुरूआत गरिएको हो। सबैभन्दा बढी अंक प्राप्त गर्ने जुद्ध माध्यमिक विद्यालयका साजिद आलम, माध्यमिक विद्यालय टिकुलियाका कावेरी कुमारी गिरीलाई प्रथम श्रेणीको पुरस्कारबाट नगद ७ हजार सहित प्रमाण पत्र साथै दोसल्ला ओढाएर नगरप्रमुख अजय कुमार गुप्ताले सम्मानित गरेका हुन्। मित्र मेमोरियलका चन्दन यादव, जुद्ध माध्यमिक विद्यालयका रूचिका कंचन र समां प्रवीन मिकरानीलाई दोश्रो पुरस्कारबाट नगद ५ हजार सहित प्रमाण पत्रले सम्मानित गरिएको गौर नगरपालिकाले जनाएको छ। समां प्रवीण र रूचिकाको प्राप्तांक अंक समान भएकोले पुरस्कारको रकम ५ हजारबाट २ हजार ५ सयका दरले दुवै जनालाई प्रदान गरिएको शिक्षा समितिका प्रमुख गणेश गिरीले बताएका छन्।

## नेपाल र भारतका आठ पहलवान विजयी

इनरूवा। सुनसरीको देवानगञ्ज गाउँपालिका-१ मध्यहर्षाहीमा आयोजित कुस्ती प्रतियोगितामा नेपाल र भारतका आठ पहलवान विजयी भएका छन्। बडादशैंको अवसरमा आयोजित प्रतियोगितामा नवलपरासीका दीपेन्द्र यादव र सर्लाहीका अरूण साह, भारत बनारसका प्रवीण पहलमान, प्रेमनाथ पहलमान र रामविलास पहलमान, भारत पञ्जाबका सोनु पहलमान, भारत हरियाणाका सेरा पहलमान र भारत झाँसीका राहुल पहलमान विजयी भएको स्थानीयवासी डुमरलाल मेहताले जानकारी दिए। आइतबार सम्पन्न्न प्रतियोगिता विजयीलाई नगद, शिल्ड र प्रमाणपत्र प्रदान गरिएको आयोजक समितिका अध्यक्ष श्यामलाल मेहताले जानकारी दिए। प्रतियोगिता हेर्नका लागि सयौं दर्शक आएका थिए।

## भारतीय विद्युत्को भरमा दार्चुला

दार्चुला। दार्चुलाबाटै झण्डै सयौं मेगावाट पुग्ने गरी साना ठूला जलविद्युत् उत्पादन भए पनि जिल्ला अझै भारतीय विद्युत्को भरमा छ। सदरमुकाम खलङ्गा मात्र हैन ग्रामीण भेगमा पनि अहिले भारतबाट आयात गरिएको विद्युत्ले उज्यालो दिएको छ। भारतमा बत्ति जाने बित्तिकै जिल्लाको अधिकांश भूभागका नागरिकले अन्धकारमा बस्नु परेको छ। जिल्लाको चमेलिया नदीबाट ३० मेगावाट, अपर नौगाडबाट साढे आठ मेगावाट, २५० किलोवाट डुडुरीलगायत सयौं किलोवाटका ग्रामीण लघुजल विद्युत् जिल्लामा उत्पादन भएका छन् तर अहिले पनि भारतको तीन ठाउँबाट ८०० किलोवाट विद्युत् दार्चुलाको लागि ल्याइएको छ। जिल्ला सदरमुकामसहित आसपासका क्षेत्रको लागि भन्दै लेकमको लालीबाट १०० किलोवाट, व्यासको हुतीबाट १०० किलोवाट र मालिकार्जुन गाउँपालिकाको सीमा क्षेत्र जौलजीवी भएर ६०० किलोवाट जलविद्युत् ल्याइएको छ। हाल नेपाल विद्युत् प्राधिकरण दार्चुला वितरण केन्द्रले डुडुरीमा उत्पादित विद्युत् मात्रै सदरमुकाम खलङ्गा आसपासमा उपलब्ध गराएको छ।

## छापा मार्दा एक जोडी पक्राउ

नेपालगञ्ज। वडा प्रहरी कार्यालय नेपालगन्जले यौन धन्दा सञ्चालन गर्दै आएको एउटा अखाडामा छापा मारेको छ। बुधबार नेपालगन्जको बसपार्क स्थित बाइपास रोडमा ३-४ कोठाको फ्यालेट नै लिएर यौन धन्दा सञ्चालन गर्दै आएको स्थानमा छापा मारेर एक जोडी पक्राउ गरिएको वडा प्रहरी कार्यालयका इन्चार्ज नारायण डागीले बताए। इन्चार्ज डागीका अनुसार पक्राउ पर्नेमा बर्दियाका महिला र नेपालगन्जको पुरूष गरी कोठा भाँडामा लिएर यौनधन्दा चलाउने सञ्चालिका गीतादेवी शाह समेतलाई नियन्त्रणमा लिइएको छ। केही महिनायता घरको माथिल्लो तलामा यौन अखाडा सञ्चालन भइरहेको स्थानीय सुचनाको आधारमा पुगेको टोलिले ती जोडिलाई रङ्गेहात नियन्त्रणमा लिएको छ। प्रहरी स्रोतका अनुसार ठूलो मात्रामा प्रयोग गरिएको कण्डम समेत बरामद भएको छ। वडा प्रहरी कार्यालय नेपालगन्जका प्रमुख प्रहरी निरीक्षक डाँगीले यौन अखाडामा छापा मारेको पुष्टी गरेको तथा यसबारे थप अनुसन्धान भइरहेको बताए।


**सङ्घीयताको महत्वपूर्ण सार : मानव बेचविखन अन्त्यका लागि जिम्मेवार र सहकार्यसहित गरौं खबरदार ।**

नेपाल सरकार

सञ्चार तथा सूचना प्रविधि मन्त्रालय

**सूचना तथा प्रसारण विभाग**




प्रदेश न. २ को सरकारले महँगी, भ्रष्टाचार, अनियमितता, मितव्ययिता र विकाश माथी सम्पुर्ण ध्यान केन्द्रित गर्नु पर्ने आवश्यक छ । अर्कोतिर जनकपुरको परिक्रमा क्षेत्र भित्र माछा, मासु र मदिरामाथी पुर्ण रूपले प्रतिबन्ध लगाइनु पर्दछ । धर्म र संस्कृतिको संरक्षण गरौं । **सत्यनारायण मण्डल**


मधेशमा जातीय र धार्मिक दन्द्वको बीजारोपन हुँदै गरेको देखिन्छ । मधेशीहरूलाई अधिकार नदिई आपसमा फुटाउने र लडाउने (Divide & Rule) षड्यन्त्र हुँदैछ । सजग र सतर्क रहौं । **रिता साह**


छक्का पन्जा ३ हेरियो, खासै उत्कृष्ट त होईन तर पनि सामुदायिक विद्यालयमा हुने विकृतीलाई देखाउन खोजिएको छ । जे जस्तो भए पनि सामुदायिक विद्यालयका प्राध्यापक र शिक्षकहरूले भने हेर्दा राम्रै हुने रहेछ । **दिनेश थापा**


ज्ञानेन्द्र शाह राजाको हैसियतमा बिवाह पञ्चमीको अवसरमा जनकपुर आउँदा यहाँको पर्यटनलाई नकारात्मक असर पर्यो, राष्ट्रपति विद्यादेवी भण्डारी आउँदा यहाँको समाजलाई असर पर्यो अब भारतीय प्रम मोदी आउने चर्चा छ, खै के हुने हो ? **मनिष झा**


वर्तमान देशको राजनैतिक समस्या समाधानको बाटो अपनाउनु पर्दा मेरो बाटो त मधेश हो । अब शान्तिको दुत भएर मधेश प्रवेश गरौ कि या क्रान्तीको मशाल ? **कपलेश्वर यादव**


करिब ५००० कर्मचारी चाहिने ठाँउमा २५० जना कर्मचारी मात्रै छन् । २ नम्बर प्रदेशमा तर जनताचाहि ५६ लाख कसरी सेवा प्रवाह सहज होला ? **कृष्णा मण्डल**


चीन नामक बौद्ध देशले 'बुद्धको नाममा' लुम्बिनीमा सञ्चालन गर्नु भनेर २ थान बिजुली बस दिन्छ। तर नेपाली शासकले ती बस काठमाडौंमा सञ्चालन गरिदिन्छ। मधेशको अधिकार खोसेर कसरी पहाड विकसित गरिँदैछ, त्यसको उत्तम उदाहरण । **आशिष झा**


वीरगंजमा दिनहु महिलासँग दर्व्यवहारका (शारीरिक र मौखिक) घटनाहरू भएको देखिरहेको हुन्छु । तर, थोरैले मात्र प्रतिकार गर्छन, लाज, बेइज्जती हुने र घरपरिवारबाट स्वतन्त्रता खोसिने डरले सायद महिलाहरूले प्रतिकार नगरेका होलान् तर यसले दर्व्यवहार गर्नेहरूलाई थप बल पुगेको महसुस हुन्छ । **अंशु सरार्फ**

# 'असमझदारी हटाउन नेपाल र भारत सकारात्मक छ'

**० वर्तमान सरकार बनेपछि नेपाल-भारत सम्बन्धलाई कसरी व्याख्या गर्नुहुन्छ ?**

– वर्तमान सरकारले नयाँ सोचका साथ अगाडि बढिरहेको छ । नेपाल-भारतबीचको सम्बन्धलाई थप बलियो र सुमधुर बनाउन नयाँ किसिमको सुरूआत भएको हो । सम्बन्धलाई समयानुकूल तथा प्रगाढ बनाउने दिशमा गइरहेको जस्तो मलाई लाग्छ । यसबीचमा दुवै देशका सरकार प्रमुखहरूको भएको भ्रमण आदान-प्रदानले पनि पहिलाको भन्दा अहिले अलि सम्बन्धमा परिवर्तन आएको हो ।

**० सम्बन्धमा नयाँपन आएको भन्नुहुन्छ, कसरी ?**

– नेपालको सन्दर्भमा भारतको सहयोगबिना नेपालको विकास र भारतको पनि सन्तुलित विकासका लागि नेपालको सहयोग रहेकोले दुवै एकअर्काका परिपूरकको रूपमा देखिएको छ । ७० प्रतिशतभन्दा नेपालले भारतबाट आयात गरेको छ, यो यथार्थलाई नेपालले बुझेको छ । त्यसैले, दुबै देशबीचको सम्बन्धको सन्तुलितरूपमा हुनुपर्छ । अहिले यथार्थताका आधारमा सम्बन्ध अगाडि बढिरहेको छ । त्यसैले पहिलाको भन्दा अहिले सम्बन्धमा नयाँपन आएको हो । विशेष गरेर आर्थिक मामिलामा यथार्थको आधारमा भारतबाट सहयोग प्राप्त भइरहेको छ ।

**० भनेपछि पहिला सम्बन्ध सिद्धान्तमा मात्र थियो तर अहिले व्यवहारमा देखिन थालेको छ ?**

– बिल्कुल । नेपालका विभिन्न स्थानहरूबाट भारतका विभिन्न शहरहरूका सिधा बस सेवा सुरू भएको छ । आर्थिक, सामाजिक र धार्मिक रूपमै सम्बन्ध अगाडि बढेको छ । काठमाडौं, पोखरा, जनकपुरधाम, धनगढी, नेपालगन्ज लगायतका स्थानबाट नेपाली नम्बर प्लेटको बस सिधै दिल्लीसम्म जाँदैछन् । भारतबाट पनि भारतीय नम्बर प्लेटका पर्यटकीय बसहरू आउँदैछन् । त्यसले गर्दा निश्चितरूपमा नेपालका पर्यटकीय स्थलहरूमा भारतीय पर्यटकहरूको बढोत्तरी भएको छ । त्यसको प्रभाव स्थानीय जनसमुदायमा पनि देखिएको छ ।

**० केपी पहिलोपटक प्रधानमन्त्री हुँदा उनको भारतसँगको सम्बन्ध राम्रो देखिएको थिएन तर, अहिले सम्बन्ध राम्रो भएको बताइन्छ । यस अर्थमा नेपालप्रति भारतको युटर्न भएको कि ओलीको भारतप्रति ?**

– नेपालप्रति भारतको युटर्न वा केपी ओलीको भारतप्रति युटर्न भएको भन्नुभन्दा पनि यथार्थलाई बुझेर सम्बन्ध र आवश्यकता नियालेको हुनुपर्छ । यथार्थपरक कुराहरू भइरहेको हुनाले सम्बन्धहरू अझ बढी बजबुत र लामो किसिमले अगाडि बढ्दैछ । यसमा शंका गर्नुपर्ने ठाउँ छैन ।

**० आगामी नोभेम्बरमा भारतका प्रधानमन्त्री नरेन्द्र मोदीको पाँचौंपटक नेपाल भ्रमण हुन लागेको छ । उनको यो तारन्तार भ्रमणलाई कसरी लिनुहुन्छ ?**

– भारतका प्रधानमन्त्री नरेन्द्र मोदीको नेपालप्रति खासगरी धार्मिक तथा अध्यात्मिकता बढी रहेको देखिएको छ । राजनीतिकरूपमा हेर्दा भारत र नेपालबीचको सम्बन्धमा अझ बढी प्रगाढताका लागि उहाँको इच्छा सदैव रहेकोले नेपाल भ्रमणलाई सदुपयोग गर्ने विगतका दिनमा देखिएको छ । उहाँको लगातारको भ्रमणलाई अन्यथा नलिई सामान्यरूपमा लिनुपर्छ । उहाँको लागि नेपाल-भारत सम्बन्ध विशिष्टरूपमा रहिआएको देखिन्छ ।

**० विगतमा करिब १७ वर्षसम्म भारतका कुनै पनि प्रधानमन्त्रीले नेपाल भ्रमण गरेका थिएनन् । तर, मोदी प्रधानमन्त्री हुँदा उहाँ आफ्नो एकै कार्यकालमा पाँचौंपटक भ्रमण गर्दै हुनुहुन्छ । यसले गर्दा अन्तर्राष्ट्रिय जगतमा कस्तो सन्देश जान्छ त ?**

– नेपाल र भारतबीचमा जुन भाषा, संस्कृति करिब-करिब समान भएकोले निश्चितरूपमा बढी आवत जावत हुने स्वाभाविक हो । उहाँको आगमनले नेपाललाई जहाँसम्म लाभ नै भएको छ । उहाँ नेपालका धार्मिक स्थलहरूमा भ्रमण गर्दा त्यहाँ अन्तर्राष्ट्रिय जगतको समेत ध्यान केन्द्रित भएको छ । ती धार्मिक स्थलहरूमा बाह्य पर्यटकहरूको पनि केन्द्र बन्न थालेको छ । त्यसले गर्दा समान संस्कृतिको आदानप्रदान पनि भएको छ ।

**० मोदीको पटक-पटकको नेपाल भ्रमणले नेपाल-भारत सम्बन्धलाई बलियो बनाउन कतिको महत्व राख्छ त ?**

– उहाँको पटक-पटकको नेपाल भ्रमणले सम्बन्धलाई बनाउन ठूलो महत्व राख्छ । दुई देशबीच जसरी विशिष्ट सम्बन्ध छ, यस्तो सम्बन्ध विश्वमै कहीं छैन । त्यसमा ठूलो सहयोग पुगेको छ । यस्ता खालका भ्रमणहरू भइराख्नुपर्छ ।

**० मोदीको भ्रमणमा रणनीतिक अर्थ पनि लुकेको छ कि ?**

– त्यस्तो खासै रणनीतिक अर्थ लुकेको जस्तो मलाई लाग्दैन । यसलाई सामान्यरूपमा लिनुपर्छ । विगतमा समयमा केही असहजताको वातावरण बनेको थियो । सायद त्यसको छायाले पनि छोएको हो कि । तर, यस्ता खालका भ्रमणहरूले सम्बन्धलाई आउँदा दिनमा झन् सुदृढ र बलियो हुँदै जान्छ । यस्ता भ्रमणले गर्दा नेपाल वा भारतका जनतामा कुनै किसिमको असर परेको छैन । विभिन्न राजनीतिक सोचहरूमा फरक आए तापनि हाम्रो सम्बन्ध अटुट र हल्लिनेवाला छैन ।

**० सम्बन्ध अझ बलियो बनाउन नेपालले के गर्नुपर्ने हो ?**

– यस सन्दर्भमा नेपाल सरकारले पनि धेरै चासो लिएको छ । हाम्रो सम्बन्धलाई अझ बढी विकसित गर्न धेरै प्रयासहरू भइरहेको छ । दुई देशबीच रहेका असहमति र असमझदारीलाई हटाउन दुवै देश सकारात्मक देखिएको छ ।



**राजकुमार सिन्धी**
**अध्यक्ष**
**नेपाल-भारत मैत्री संघ**

## नेकपा अध्यक्ष दिल्ली जाँदै



काठमाण्डौ । नेपाल कम्युनिष्ट पार्टीका अध्यक्ष पुष्पकमल दाहाल शुक्रबार भारत जाँदैछन् । इण्डियन फाउण्डेसनको निमन्त्रणामा दाहाल भारत जान लागेका हुन् ।
फाउण्डेसनको कार्यक्रमलाई दाहालले सम्बोधन गर्नेछन् । फाउण्डेसनले नयाँ दिल्लीमा पाँचौं इण्डिया आइडियाज कन्क्लेभको आयोजना गरेको हो । कार्यक्रममा भारत, नेपाल लगायत अन्य देशका राजनीतिज्ञ, सामाजिक व्यक्तित्व, पत्रकार लगायतका सहभागिता रहने छ । कार्यक्रमलाई सम्बोध

## मोदी नेपाली गायिकाको प्रशंसक




काठमाडौं । छिमेकी मित्रराष्ट्र भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले नेपालको प्रख्यात शास्त्रीय साङ्गितिक समूह 'सुरसुधा'की मुख्य गायिका सरस्वती खत्रीको प्रशंसा गरेका छन् । उनले सोमबार एक ट्वीट गरी गायिका खत्रीको प्रशंसा गरेका हुन् ।
गायिका खत्रीको स्वरमा रेर्कड गरिएको महात्मा गान्धीका प्रिय भजन 'बैष्णव जन ते तेने कहिए' श्रवण गरेपश्चात प्रधानमन्त्री मोदीले सो ट्वीट गरी गायिका खत्रीको स्वरमा उक्त भजन श्रवण गर्न पाउँदा आफ्नो नेपाल भम्रणको स्मृति ताजा भएको उल्लेख गरेका छन् ।
विश्व शान्तिका प्रणेता महात्मा गान्धीको १५०औं जन्म जयन्ती मनाउनका लागि २०१८ अक्टुबर २ तारिखका दिन नेपालका उपप्रधानमन्त्री एवम् रक्षामन्त्री ईश्वर पोखरेलेको प्रमुख आतिथ्यमा राष्ट्रिय सभा गृहमा आयोजित एक कार्यक्रममा पनि गायिका खत्रीले उक्त भजन गाएकी थिइन् । उपप्रधामन्त्री पोखरेलले पनि खत्रीको प्रशंसा गरेका थिए भने उपस्थित दर्शकदिर्घा समेत उनको भजनले मन्त्रमुग्ध भएका थिए ।
प्रधानमन्त्री मोदीले आफ्नो ट्वीट मार्फत गान्धीको सो प्रिय भजनले नेपाल र भारत दुबै देशको मुल्य-मान्यतालाई प्रतिविम्बित गर्ने बताएका छन् ।

## डिसिएको क्रिकेट टोली मुम्बइमा

धनगढी । धनगढी क्रिकेट एकेडेमी (डिसिए)को टोली १० दिने खेल भ्रमणका लागि आइतबार मुम्बई प्रस्थान गरेको छ । टोलीले मुम्बईका विभिन्न क्लब तथा एकेडेमीसँग सात एकदिवसीय खेल खेल्न लागेको डिसिएले जनाएको छ । धनगढी उपमहानगरपालिकाका प्रमुख नृपबहादुर वडले टोलीलाई बिदाइ गर्दै क्रिकेट खेलमा विकासका लागि नगरपालिकाले आगामी दिनमा बजेट विनियोजन गरिने प्रतिबद्धता व्यक्त गरे । धनगढी क्रिकेट एकेडेमीका अध्यक्ष सुवास शाहीले मुम्बई भ्रमणले राष्ट्रका लागि प्रतिभावान् खेलाडी उत्पादन गर्न सघाउ पुऱ्याउने विश्वास व्यक्त गरे । टोलीमा सुबोध ऐर, सिजन कुँवर, सन्दीप आउजी, विनोद विष्ट, राजेन्द्र लोहनी, सोनु मण्डल, रोहन विकलगायत खेलाडी छन् । प्रशिक्षकमा दीपेन्द्र चौधरी र व्यवस्थापकमा भरत जोशीसमेत टोलीमा समावेश छन् ।

## भारतीय नेता यचुरी काठमाडौंमा



काठमाडौं । भारतीय भारतीय कम्युनिस्ट पार्टी (मार्क्स{वादी) का महासचिव सीताराम यचुरी नेपाल आएका छन् । नेपाल कम्युनिस्ट पार्टी (नेकपा)को निमन्त्रणामा उनी काठमाडौं आएका हुन् । उनलाई त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा नेकपाका नेताद्वय कृष्णगोपाल श्रेष्ठ र विष्णु रिजालले स्वागत गरेका थिए । नेपाल बसाइको क्रममा उनले राष्ट्रपति विद्यादेवी भण्डारी, प्रधानमन्त्री केपी शर्मा ओली, नेकपा अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' लगायतसँग भेटघाट गर्ने कार्यक्रम छ । साथै, पुष्पलाल स्मृति प्रतिष्ठानद्वारा आयोजित विचार गोष्ठीलाई समेत उनले सम्बोधन गर्ने नेकपाले जनाएको छ ।

## नेपालको सडकसँग सिक्किम जोडिने

काठमाडौं । नेपालसँग स्थलमार्गबाट जोडिन सिक्किम सरकारले सडक निर्माण तीव्र पारेको छ । सिक्किम सरकारले नेपाल-भारत सिमाना चिवाभञ्याङसम्म सडक निर्माणको काम अघि बढाएको हो । डिसेम्बरसम्म यो सडक निर्माण सक्ने योजना छ । पुष्पलाल (मध्य पहाडी ) लोकमार्गको सुरू बिन्दु नेपाल-भारत सिमाना चिवाभञ्याङसम्म सडकले जोड्न सिक्किम सरकारको योजना छ । सिक्किमको दक्षिणी उत्तरे बजारनजिकैको सोकपाखा भन्ने ठाँउबाट नेपालको चिवाभञ्याङसम्म सडक बनाउन लागिएको हो । सिक्किमको दक्षिणी उत्तरे बजार नजिकैको सोकपाखा भन्ने ठाँउबाट नेपालको चिवाभञ्याङ जोड्ने सडक बनाउन लागिएको छ । यसबाट पहाडी तथा हिमाली क्षेत्रको पर्यटन र व्यापार विकासमा टेवा पुग्ने छ । नेपाल र भारतको सिक्किम प्रान्तबीच ९९ किलोमिटर साझा सिमाना पर्छ । यो सडक बनेपछि नेपाल र सिक्किमबीच पर्यटन विकास गर्न सहयोग पुग्ने बताइएको छ । यो सडक बनेपछि पूर्वको पाँचथर, ताप्लेजुङ, इलाम, तेह्रथुमलगायत जिल्लाको सीधा सडक सम्पर्क सिक्किमसँग हुनेछ । पाथीभरा जाने दर्शनार्थीले पनि यही बाटो प्रयोग गर्न सक्ने छन् । दक्षिणी सिक्किमको उत्तरे, बेगा, देन्ताम, सोपाखालगायत गाउँ भएर यो सडक चिवाभञ्याङ आउने छ ।

## बैंगलोरमा नेपाली नाटक हुने

काठमाडौं । नृत्यनाटिका 'राजेन्द्रलक्ष्मी' भारतको बैंगलोरमा जारी रंगशंकरा थिएटर फेस्टिभलमा प्रदर्शनीका लागि छानिएको छ । यो नाटक एस्थेटिक डान्स स्टुडियोको प्रस्तुति हो । दक्षिण भारतको प्रतिष्ठितमध्येको एक मानिने यो नाट्य महोत्सवमा नेपालबाट पहिलोपटक नाटक छानिएको हो । राजेन्द्रलक्ष्मीलाई रंगशंकरा महोत्सवको 'यसअघि मुस्किलले मञ्चन भएका नाटकहरू' शीर्षकअन्तर्गत छनोट भएको हो । २८ अक्टोबर जेपीनगरस्थित रंगशंकरा प्रेक्षालयमा राजेन्द्रलक्ष्मी मञ्चन हुनेछ । 'राजेन्द्रलक्ष्मी' नेपालकी पहिलो महिला शासनकर्ता राजेन्द्र राज्यलक्ष्मी देवी शाहको जीवनकथामा आधारित नाट्य प्रस्तुति हो ।







## लेख/रचना तथा प्रतिक्रिया पठाउन आग्रह

मधेशको समसामयिक विषयमा लेख/रचना पठाउन तथा **मधेशवाणी**मा प्रकाशित समाचार, विचार वा अन्तर्वार्ताबारे आफ्नो प्रतिक्रिया निम्न ठेगानामा पठाउन पाठकवर्गमा अनुरोध गरिन्छ ।

Email : madheshvani@gmail.com
Facebook : facebook.com/madhesh vani
Twitter : twitter.com/madheshvani

**मधेशवाणी प्रा.लि.**द्वारा प्रकाशित, सम्पादक : **राजेश अहिराज**, कार्यकारी सम्पादक : **रामसुकुल मण्डल**, कार्यालय : मधेश मिडिया हाउस, अनामनगर, काठमाडौं, फोन नं. ४२६६१४२, ४२६६१४१, फ्याक्स : ४२६६१४१, Email : madheshvani@gmail.com, Website : www.madheshvani.com, मुद्रण : **धिम्ले अफसेट प्रेस**, काठमाडौं